पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेबसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३३ | अङ्क : २३ | २०७२ माघ १ गते शुक्रबार (Jan 15 , 2016) | मूल्य रू. १०/-

## एकता दिसव अघोषित औपचारिक दिवस

काठमाडौं । पृथ्वीजयन्तीलाई राष्ट्रिय दिवसकारूपमा मनाउनु पर्ने माग जनताले गरेपनि केपी ओली नेतृत्वको सरकारमा मतमतान्तर भएपनि नौ वर्षको अन्तरालपछि अघोषित औपचारिक रूपमा राष्ट्रिय उत्सवका रूपमा २९४ औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस मनाइएको छ ।

राप्रपा नेपालले २९४ औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसका अवसरमा आयोजना गरेको जलपान कार्यक्रममा प्रधानमन्त्री केपी ओली, मन्त्रीहरू विभिन्न राजनीतिक दलका नेताहरू, संवैधानिकक अंगका पदाधिकारीहरू, निजामति, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीका वरिष्ठ अधिकृतहरूको उपस्थिति रहेको थियो । जलपान कार्यक्रममा सहभागी हुन आएका विशिष्ठ व्यक्तिहरू तथा (बाँकी अन्तिम पेजमा)

# पूर्वराजालाई अलोकतान्त्रिक विभेद किन ?

काठमाडौं । पूर्व राष्ट्रपति डा.रामवरण यादवलाई निवास, घरभाडा, सुरक्षा, सहायक सबै प्रकारको सुविधा दिने लोकतान्त्रिक सरकारले पूर्वराजालाई अलोकतान्त्रिक विभेद किन गरिरहेछ ? यो आश्चर्यको विषय बनेको छ ।

जनताको इच्छाअनुसार भनेर संविधानसभाले गणतन्त्र कार्यान्वयन गरेपछि नागार्जुन बस्न पुगेका पूर्वराजासँग अहिले माओवादी मन्त्रीको आदेशमा नेपाल विद्युत प्राधिकरणले पटक पटक विद्युत महशूल तिर्न दबाब दिइरहेको छ । पूर्वराजालाई पचासौं जना सुरक्षाकर्मी दिएको, राज्यले अनेक सुविधा दिएको गलत प्रचार पनि गराइने गरेको छ । संविधान, कानुनको पालना गरेर बसेका पूर्वराजालाई यसरी भित्तामै पुऱ्याउने जुन व्यवहार राजनीतिक दल, राज्य सञ्चालक लोकतन्त्रवादीहरूले गरिरहेका छन्, यो अतिवाद बाहेक केही होइन ।

नदिने भए पूर्वराष्ट्राध्यक्षले केही पाउनन्नन् भन्ने नियम बनाइदिए भइहाल्यो । एकथरिका लागि एउटा नियम र अर्कोथरिलाई अर्को नियम त हुन्न होला ? हिम्मत हुनेले सर्वोच्च अदालतमा मुद्दा हालेर यस विषयको छिनोफानो गर्दा फरक पर्दैन । अदालतले विभेदकारी आदेश दिन्छ भन्ने विषयमा कसैलाई विश्वास छैन । अदालत पनि जान नसक्ने र राजनीतिक हथकण्डाकारी प्रचार गरेर पूर्वराजालाई थिलथिलो पारेर थिचिरहने गर्नु आफैमा अत्याचार र अलोकतान्त्रिक विषय हुनपुगेको जानकारहरू बताउँछन् ।

अहिले विद्युत महशूल पूर्वराजाले तिर्नुपर्छ भनेर उर्जा मन्त्रीले कर्मचारीमार्फत पूर्जी पठाइरहेका छन् । पूर्वराजाका निजी सचिव सागर तिमिल्सिनाले पूर्वराष्ट्राध्यक्षको हैसियतले बसेको घरको शूल्क सरकारले तिर्छ भनेर पठाइदिएको विषयलाई स्यालहुइया (बाँकी अन्तिम पेजमा)



## फेरि थाइलेण्डको फन्को मार्दै

काठमाडौं । पूर्वराजा फेरि थाइलेण्डको फन्को मार्ने अभियानमा छन् । पहिले फन्को मार्दा चीनका उपराष्ट्रपति र भारतका नेताहरूसँग पटक पटक संवाद भएको थियो । अहिलेको थाइलेण्ड भ्रमणमा पनि चीन र भारतका नेताहरूसँग भेटवार्ता हुने विश्वस्त स्रोतले जानकारी दिएको छ । यद्यपि सतहमा उतै रहेकी पूर्वरानी, बालसखा प्रभूशमशेर, राजी राना, सालो उदय र बुहारी रोसनीलाई भेट्ने कार्यक्रम देखिए पनि र यस भ्रमणमा निजी सचिव र बुहारी हिमानीसमेत जाँदा पारिवारिक भ्रमणको झल्को दिए पनि यथार्थमा पूर्वराजाको उतै चीनका (बाँकी अन्तिम पेजमा)

## सत्ता कब्जा गर्ने दाहालको उद्घोष

काठमाडौं । एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले सशस्त्र युद्धको बेला युद्धबाटै काठमाडौं कब्जा गर्ने रणनीति असफल भएको स्वीकार गरेका छन् । दाहालले उक्त कुरा ५ नम्बर प्रदेशका पार्टी अगुवा कार्यकर्ताहरूलाई दाङमा प्रशिक्षण दिँदै बताएका हुन् । अध्यक्ष दाहालले अब दुई वर्षभित्रमा नयाँ ढंगले सत्ता कब्जा गर्ने रणनीति पार्टीले बनाएको उद्घोष गर्दै त्यसका लागि तयार रहन पार्टी कार्यकर्ताहरूलाई आग्रह समेत गरेका थिए ।

युद्धको बेला नै काठमाडौं कब्जा गर्ने भनिएको थियो, त्यस बेला पार्टी असफल भएको र त्यसबेलाको सपना अधुरो रहेको हुनाले अब नयाँ रणनीति अनुसार दुई वर्षभित्रमा सत्ता कब्जा गर्ने बताउँदै त्यसका लागि जस्तोसुकै बलिदानी गर्न पार्टीका कार्यकर्ताहरूलाई तयार रहन आग्रह गरेक थिए । पहिले असफल भएपनि अब आतिनु पर्दैन, नयाँ ढंगबाट सत्ता कब्जा गर्ने हो, त्यसकालागि तयारीका लागि सबै जुट्नु आवश्यक भएको बताउँदै अबको दुई वर्षभित्रभित्रमा एमाओवादीलाई सबैभन्दा ठूलो पार्टी बनाउने दाबी समेत गरेका छन् । अबको दुईवर्षभित्रमा मुलुकको सबैभन्दा ठूलो पार्टी भएर एमाओवादीले सहजै सत्ता कब्जा गर्ने (बाँकी अन्तिम पेजमा)

## प्रचण्डको फोस्रो फूर्तिले के हुन्छ ?

**अभियान संवाददाता**

प्रचण्डको ताजा वक्तव्य भनेको कसैले पनि यो सरकार ढाल्ने सपना नदेखे हुन्छ । कसैले पनि सरकार ढाल्न सक्दैन । सरकारले जनअपेक्षा अनुसार काम गर्न सकेन तर सरकार नै ढाल्नु उचित हुन्न । यिनै प्रचण्ड भित्रभित्रै आफू प्रधानमन्त्री हुन खेलेको खेललाई भारतले बेवास्ता गर्दा मूर्त रूप लिन नसक्ने देखेपछि उनको यो प्रतिक्रिया सुर्खेतबाट सार्वजनिक भएको हो ।

प्रचण्ड सत्ताधारी एमाओवादी पार्टीका अध्यक्ष हुन् । प्रभावशाली नेता पनि हुन् । अव उनी भन्न थालेका छन्- भारत नेपाललाई सिक्किम बनाउन खोजिरहेको छ । सिक्किम बनाउन नसके अस्थिर र अराजक बनाउन चाहन्छ । नेपाललाई अनेकतामा बिभाजित गरेर ध्वस्त पार्न भारतले सेना र राजनीति दुबै हतियार प्रयोग गरिरहेको छ । नाकावन्दी भारतको अर्को रणनीति हो ।



अर्थात नेपालसँग युद्ध गरिरहेको छ भारत । केही दिनअघि आफ्नै निवासमा क्रान्तिकारी पत्रकारहरूसँग गरेको प्रचण्डको चुरो कुरो यही हो । (बाँकी अन्तिम पेजमा)

## मधेस आन्दोलन मत्थर हुँदै, रक्सौल नाका खुल्ने

**अभियान संवाददाता**

काठमाडौं । संविधान निर्माण गर्ने क्रमदेखि नै विरोधजनाँउदै आन्दोलनमा गएका केही मधेसवादी दलहरूको आन्दोलन क्रमशः मत्थर हुँदै गएको छ । पाँच महिनादेखि जारी आन्दोलनको केन्द्रविन्दूमा रहेको वीरगञ्जको जनजीवन विस्तारै सहज हुँदै गएको छ । रक्सौल-वीरगञ्ज नाकामा मधेसवादी दलहरूको धर्ना जारी रहेपनि वीरगञ्जमा अधिकांश बजार पसलहरू खुल्न थालेका छन् । बजार पसल खुल्न थालेपछि त्यहाँका जनताले केही राहत महसुस गरेका छन् ।

पुस १९ गते मधेसी मोर्चा र खुद्रा व्यापरी संघ बीच भएको छलफलमा व्यापारीहरूले प्रत्येकदिन बिहानदेखि दिउँसो २ बजेसम्म बजार पसल बन्द गर्ने सहमति (बाँकी अन्तिम पेजमा)




# सन्देश त राम्रै आयो नि !


शाश्वत शर्मा खतिवडा

गत पुस २६ गते आइतबार पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसका अवसरमा ( पूर्व) श्री ५ महाराजधीराज ज्ञानेन्द्र वीरविक्रम शाहदेवद्वारा जारी गरिएको 'शुभकामना सन्देश'को ज्वारभाटा अझै थामिएको छैन । बाघ जतिसुकै बुढो होस्, …जतिसुकै तिनका दाह्रा, नंग्रा फुस्किएका नै किन नहुन्, …तर त्यो बाघले खोक्दा पनि 'स्याल'हरूको हंसले ठाउँ छोड्दो रहेछ भन्ने तथ्य त्यस पछिका प्रतिक्रियाहरूले देखाइसकेको छ । स्वयं प्रधानमन्त्री केपी ओलीले (पूर्व) राजाको वक्तव्यको भनाईलाई सापटी लिएर 'दरबार छाड्नेले घरबार गर्न पाउँछ' भन्ने उत्तर दिनुपऱ्यो । अझ एमाओवादीका नेता लिलामणि पोखरेलको 'पहिले नै जेल हाल्नुपर्ने थियो' भन्ने प्रतिक्रिया ले एमाओवादी पार्टी अझ बढी त्रसित भएको बुझ्न सकिन्छ ।

एकथरिको विचारमा (पूर्व)राजाको सन्देशले 'आफू अझै मैदानमै छु' भन्ने बुझाउन खोजेको छ । तिनका अनुसार ( पूर्व) राजाले ०६५ सालमा दरबार छाड्दा बखत गरिएको (लुकेको) सहमतिलाई ( प्रमुख दल र भारतसँग) लागू गर्न यहाँका राजनीतिक दलहरूलाई झकझक्याएको देखिन्छ । तर, यहाँ यस्ता पनि विचारकहरू छन्, जो उक्त सन्देशको अब कुनै महत्व नरहेको भनेर आफ्नो विचार प्रस्तुत गर्दैछन् । तिनका अनुसार गत असोज ३ मा 'पूर्ण गणतान्त्रिक संविधान' जारी भएर त्यसका धाराहरू परिमार्जित हुँदै लागू हुने तरखरमा रहेका ब`ला अब त्यो सन्देश र त्यसमा लुकेका भावनाहरू 'बेकामी' हुन जान्छन् । …केही मतलब छैन, त्यो सन्देशको ।

माथिका यी दुई विचारहरूभन्दा अलि पृथक विचार प्रेसित गर्ने अर्को जमात पनि छ, जो (पूर्व) राजाको नेपाली जनतामाथि उनले व्यक्त गरेको 'आधारको भार' भन्ने शब्दप्रति पूर्ण सहमति राख्छन् । नेपाल राष्ट्र निर्माण गर्ने पृथ्वीनारायण शाहका वंशजले अझै पनि नेपाल र (बाँकी अन्तिम पेजमा)

पढ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– *अभियानवाणी*

**अभियान**
साप्ताहिक

## सम्पादकीय

# प्रधानमन्त्रीबाटै प्रधानमन्त्री पदको अवमूल्यन

*पार्टी सत्ता कब्जा गर्दै राज्य सत्ता समेत कब्जा गर्न सफल भएका प्रधानमन्त्री केपी ओली पछिल्लो समयमा आलोचनाका पात्र मात्र बनिरहेका छन् । उनलाई कसैले आलोचनाको पात्र बनाएको होइन, स्वयं प्रधानमन्त्रीको हावादारी गफ र उखानटुक्काले आलोचनाको पात्र बनिरहेका छन् । ६ जना उपप्रधानमन्त्रीसहित ४० सदस्यीय मन्त्रिपरिषद् गठन गरेर उनले जनतालाई मजाक बनाइदिए । आफ्नो नेतृत्वको सरकार टिकाइराख्न मन्त्रालयहरुको विभाजन गरेर मन्त्रालयको संख्या ३० पुर्‍याए, संसदमा एकदुई सिट भएका सांसदलाई समेतमन्त्री बनाएर गरिब नेपाली जनताले तिरेको करमाथि ब्रम्हलुट मच्चाउने छुट प्रधानमन्त्री ओलीले मन्त्रीहरुलाई दिएका छन् । यी सबै कारणहरुले गर्दा प्रधानमन्त्री ओलीको पछिल्लो ब्यवहार स्वयं ओलीकै लागि घातक सावित हुने सम्भावना समेत देखिएको छ ।*

*ओली प्रधानमन्त्री बन्नु अघि नै भारतले लगाएको अघोषित नाकाबन्दी र २०७२ वैशाख १२ मा गएको भूकम्पले गर्दा पीडित भएका जनता अहिले अभावैअभावमा जीवन बिताउन बाध्य भएका छन् । जनताको चुल्हो बन्द भएको छ । आधा सिलिन्डर ग्यास पाउन पनि जनताले युद्ध जित्नु सरह भएको छ । ठीक त्यसैबेला हाम्रा प्रधानमन्त्री कहिले एक वर्षभित्रमा लोडसेडिङ अन्त्य गर्ने उद्घोष गर्दै हसिमजाक गर्छन् भने कहिले सबै जनताको चुल्होमा ग्यास पाइप ल्याइदिने भनेर हावादारी गफ गर्दै उडन्ते कुरा गरिरहेका छन् । भारतको अघोषित नाकाबन्दी हटाएर जनतालाई पर्याप्त मात्रामा इन्धन, ग्यास विक्रीवितरण गर्ने कार्यमा उनी असफल भएपछि जनताको ध्यान अर्कोतिर मोड्न उनी हावादारी गफ गरेर सार्वभौमसत्ता सम्पन्न नेपाली जनतालाई मजाकमा उडाइरहेका छन् । प्रधानमन्त्री हुन अघि राष्ट्रवादी छवि बनाएका केपी ओली अहिले आएर किन जनताको नजरमा यस अघिकै प्रधानमन्त्रीहरु जस्तो असफलताको मार्गमा हिँड्न तयार भए अहिले त्यो चासोको विषय बनेको छ ।*

*वैशाख १२ गते  गएको भूकम्पले गर्दा लाखौं मानिसहरु घरबारबिहीन भएका छन् । सरकारले उनीहरुलाई दिने भनेर घोषणा गरेको रकम समेत दिन सरकार असफल भएको छ । न्यानो कपडा खरिद गर्न १० हजार रुपैयाँ दिने घोषणा सरकारले गरेपनि उपत्यकमाकै भूकम्पपीडितले त्यो रकम अझै पाउन सकेका छैनन् भने अन्य जिल्लाका जनताको हालत कस्तो होला ? भरतीय अघोषित नाकाबन्दी र केही मधेसवादी दलहरुले गरेको मधेस आन्दोलनले गर्दा मुलुकको अर्थतन्त्र डामाडोल मात्र भएको छैन, जनता गरिबीको रेखामूनि झर्न बाध्य भएका छन् । यस्तो बेला सरकारले दिनरात नभनी काम गर्नुपर्नेमा प्रधानमन्त्री रमाइला कुरा गरेर हावादारी उद्घोष गर्दै सयम बिताइरहेका छन् । लोडसेडिङ अहिले नै दैनिक १५ घण्टा पुगेको  छ । उद्योगधन्दाहरु प्रायः सबै बन्द भएका छन् । उद्योग धन्दामा काम गर्ने मजदुरहरुको रोजीरोटी खोसिएको छ । अहिले लाखौं मजदुरहरु कामको अभावमा भौतारिन थालेका छन् । यस्तो विकराल परिस्थिति उत्पन्न भएको बेला प्रधानमन्त्री ओली भने हावादारी गफ दिदैं अहिलेकै अवस्थामा पुरा हुनै नसक्ने आश्वासन जनतालाई बाँड्न उद्दत हुनुको अर्थ के,  सत्ता टिकाउन मात्र होइन र ?*

*सरकारले जनतालाई स्वच्छ पानी समेत दिन सकेको छैन । अहिले पनि उपत्यकाका कतिपय घरहरुमा पानीका धाराहरु जोडिएको छैन । यस्तो अवस्थामा कुनै अध्ययन र अनुसन्धान नै नभएको बेला प्रत्येक जनताको घरमा ग्याँसको पाइप जोडिदिने प्रधानमन्त्रीको उद्घोषले प्रधानमन्त्री पदकै अवमूल्यन भएको छ ।  प्रधानमन्त्री पद एउटा संस्था समेत हो । प्रधानमन्त्री त त्यो संस्थाका प्रतिनिधि मात्र हुन्, प्रधानमन्त्रीको पदमा रहुन्जेल उनले जनताको पक्षमा, जनताको हितका लागि कार्य गर्नु पर्नेमा प्रधनमन्त्री पदकै अवमूल्यन गरेर हसिमजाक र उखानतुक्का जोडेर हावादारी उद्घोष गर्नुले प्रधानमन्त्री ओलीको उचाई बढाउँदैन । बरु त्यसले गर्दा जनताको नजरमा उनी आलोचनाका पात्र मात्र बनेका छन् र ढटुवा प्रधानमन्त्रीका रुपमा उनी दर्ज हुनेछन्  प्रधानमन्त्री ओलीले केही गर्न नसके पनि भारतीय नाकाबन्दी हटाएर केही मधेसवादी दलहरुले गरेको आन्दोलनलाई अन्त्य गराउन सकेमात्र पनि उनी जनताको मनमा बस्न सक्छन्, तर ओलीको एकसय दिनको कार्यकाल हेर्दा उनी सिंहदरबारमा फोटो झुन्ड्याउनका लागि मात्र प्रधानमन्त्री भएका रहेछन् भन्ने अब प्रमाणित हुँदै गएको छ ।*

*भोको पेटले राष्ट्रवादलाई बढवा दिन सक्दैन् । राष्ट्रवाद भनेको सबै जनताले खान पाउनु पर्छ । सहजै रुपमा आफूलाई आवश्यक परेका समान खरिद गर्न पाउनुपर्छ । संविधानसभाले बनाएको हाम्रो संविधानले जनताले खान पाउने नैसर्गिक अधिकारलाई पहिलो प्राथमिकतामा राखेको छ, के अहिले जनताले सहज रुपमा खान पाइरहेका छन् त ? इन्धन र ग्यासको अभावमा जनताले प्रत्येक दिन सास्ती भोगनु परेको छ । हुनेखाने बाहेक मध्यमवर्गीय जनताले सहजरुपमा इन्धन, ग्यास पाउन सकेका छैनन् । कालोबजारी र तस्करीतन्त्रले सरकारलाई च्यालेन्ज दिइरहेको छ, मानौं मुलुक अहिले तस्करीतन्त्रबाटै सञ्चालन भएको छ । यस्तो बेला ओली सरकार भने गफ र हावादारी कुरामै सीमित रहेको हुनाले जनताले ओली सरकारप्रति विश्वास गर्न सक्ने अवस्था रहेन । बालुवाटरमा सरकारी निवासमा बसेर हावादारी गफ र मजाक गर्दै उखान तुक्का भनेर जनताको हित हुन सक्दैन । त्यसैले प्रधानमन्त्री ओलीले अविलम्ब आफ्नो ब्यवहार सुधारगरी जनताको हितमा काम गर्न हामी प्रधानमन्त्री ओलीलाई आग्रह गर्दछौं ।*

# जनताको समर्थनलाई कमजोरी नठानियोस्

*देवेन्द्र चुडाल*

नयाँ संविधान जारी भएपश्चात मुलुकका सबै समस्याहरू समाधान हुने आश्वासन दिएका नेताहरू अहिले आफैं असफलताको मार्गतर्फ उन्मूख हुँदै गएका छन् । २०७२ साल असोज ३ गते नयाँ संविधान जारी हुँदै गर्दा मधेसका केही राजनीतिक दलहरू मधेसमा नयाँ संविधानको मस्यौदा नै जलाउँदै थिए । मधेसवादी दहलरूलाई साथमा लिन असफल भएकमा ठूला भनिएका दल कांग्रेस, एमाले र एमाओवादीको हठका कारण अहिलेसम्म मधेस आन्दोलन जारी रहेको छ । मधेसवादी दलहरूले तत्कालिन संविधानसभा छोडेर सडक संघर्षमा गएपनि तत्कालै उनीहरूलाई संविधानसभामा फर्काउने प्रयास राजनीतिक दलहरूले गरेका भए मधेस आन्दोलन पहिला नै समाप्त हुने थियो । तर ठूला दलहरूको हठ र मधेसवादी दलहरूको अहंले लामो सयमसम्म वार्तासम्म हुन सकेन । मधेस आन्दोलन जारी रहेकै बेला संविधानलाई लिएर दक्षिणी छिमेकी मुलुक भारतले अघोषित नाकाबन्दी गरेर नेताहरूको रिस नेपाली जनतामाथि थोपर्न पुग्यो । जनताले कुनै अपराध नगरेका भएपनि सजायको भागी बन्नु परिरहेको छ, आखिरी किन ?

नयाँ संविधानले मधेसी जनतालाई कुनै अधिकार दिएको छैन भनेर मधेसवादी दलहरूले मधेसमा बसोबास गर्ने जनतालाई भ्रममा राख्न सफल भए पनि त्यस्तो भ्रम चिर्न तत्कालिन सुशील कोइराला नेतृत्वको सरकार र हालको केपी ओली नेतृत्वको सरकार असफल सावित भए । संविधान निर्माणका क्रममा संविधानका बारेमा जनताको राय सुझाव लिन दुई दिनको समय दिइएको र रायसुझाव संकलन गर्न गएका तत्कालिन सभासदहरू र कर्मचारीहरू जिल्ला सदरमुकाम पुगेर आ–आफ्ना पार्टीका समर्थकहरूको मैखिक रायसुझाव लिएर राजधानी फर्किएको जगजाहेर नै छ । राय सुझाव लिखित रूपमा दिएका जनताको रायसुझाव राखिएका पोकाहरू समेत खोलिएन । बहुसंख्यक जनताले नयाँ बन्ने संविधानमा नेपाललाई हिन्दूराज्य कायम गराउनु पर्ने रायसुझाव दिएका थिए । तर जनताको राय सुझाव तत्कालिन संविधानसभाले स्वीकार गर्न नसकेको हुनाले मुलुक संकटमा फसेको र अहिले मधेसवादी दलहरूको आन्दोलनले सार्थकता पाएपनि मुलुक फेरि अर्को आन्दोलनमा फस्न सक्ने सम्भावना देखिएको छ । बहुसंख्यक जनताको रायसुझावलाई वेवास्ता गर्न पुगेको तत्कालिन संविधानसभाले गर्दा मुलुक अर्को द्वन्द्वमा फसेको खण्डमा त्यसको जिम्मेवारी तत्कालिन संविधानसभा अध्यक्ष सुवास नेम्वाङ र तीन ठूला दल कांग्रेस, एमाले र एमाओवादीले लिनु पर्छ ।

संविधान निर्माणको लागि सबैभन्दा महत्वपूर्ण मानिएको संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिका सभापति रहेका एमाओवादी नेता डा.बाबुराम भट्टराई अहिले लाज पचाउनकालागि संसदबाट राजिनामा दिएर आफ्नो नेतृत्वमा नयाँ राजनीतिक शक्ति बनाउन लागि परेका छन् । एमाओवादी परित्याग गर्दा उनले नयाँ संविधानले समस्याको समाधान गर्न नसक्ने भन्दै मधेसमा पुगेर त्यहाँ अन्दोलनरत पक्षलाई सहयोग र समर्थन गर्ने उद्घोष गरेपछि डा. भट्टराईको राजनीतिक नैतिकता माथि नै प्रश्नचिन्ह उठेको छ । संविधानसभा अन्तर्गत रहेको राजनीतिक संवाद तथा सहमति समितिका सभापति रहेकै बेला तिनै भट्टराईले आफ्नो सिंहदरबारस्थिति कार्यालयमा हिन्दूराज्यका लागि सय प्रतिशत रायसुझाव जनताले दिएपनि त्यो कार्यान्वयन हुन सक्दैन, म कार्यान्वयन गर्दिन भन्ने अभिव्यक्ति दिएका थिए । तिनै नेता भट्टराईले अहिले आएर आफैंले समर्थन र सही गरेको संविधानको विरोध गुर्न राजनीतिक पाखण्डीपन बाहेक अन्य केही हुन सक्दैन । नयाँ संविधानमा परेका कितपय प्रावधानहरूका बारेमा भट्टराईलाई चित्त बुझेको थिएन भने किन उनले तत्कालिन अवस्थामा संवद समितिको सभापतिबाट राजिनामा दिएनन् ? त्यसैगरी नयाँ संविधान जारी हुँदा किन नोट अफ डिसेन्ट लेखेनन् ? अहिले आएर फेरि जनतालाई झुक्याउन लागि तिनै पुराना र गनाएका नेताहरू लिएर नयाँ शक्तिको निर्माणमा लागेका भट्टराई केवल एमाओवादी अध्यक्ष पुष्पकमल दाहालको शेखी झार्न र भारतले आफ्नो स्वार्थ पुरा गर्न निर्देशन दिएको हुनाले त्यसै अनुसार अघि बढेकोमा अब कसैले शंका नगरे हुने भएको छ । नयाँ शक्तिमा लागेका केही व्यक्तिहरूलाई हेरे त्यसको सहजै पुष्टी हुन्छ ।

मधेसवादी दलहरूले मधेसमा गरेको आन्दोलनले पुरै मुलुक प्रभावित भएका बेला आन्दोलनलाई साम्य पार्ने प्रयासमा लाग्नुको बदला जनताले तिरेको करबाट भत्ता लगायत सबै सुविधाहरू (पूर्वप्रधानमन्त्री भएकाले) लिएर तिनै जनतालाई भ्रममा राख्ने प्रयासमा लाग्नु कहाँको न्यायपूर्ण कदम हो । एकातिर मधेस आन्दोलन र अर्कोतिर भारतले लगाएको अघोषित नाकाबन्दीले गर्दा जनताको चुलो बल्न छाडेको बेला भट्टराई भने मधेसवादी दलहरूलाई आन्दोलन नछोड्न आग्रह गरिरहेकाले प्रमाणित हुन्छ उनी भारतको निर्देशनमा सञ्चालित छन् । भूकम्पले गर्दा लाखौं व्यक्ति घरबारबिहीन अवस्थामा बाँच्न बाध्य भएका छन् । सरकारले उनीहरूलाई उचित मात्रामा सहयोग पुर्‍याउन सकिरहेको छैन । दुर्गम गाउँमा मात्र नभएर उपत्यकाकै भूकम्पपीडितहरू अहिले पनि  पालमूनी बस्न बध्य भएका बेला मधेसावादी दलहरूलाई आन्दोलन नछोड्न आग्रह गर्नुलेझ  प्रमाणित हुन्छ, उनी नेपाली जनताको हितमा कहिल्यै रहँदैनन्, रहेनन्, नत्र किन तिनै जनतालाई संकटमा पार्ने मधेस आन्दोलनलाई सहयोग पुर्‍याउने कार्यमा सक्रिय भए । भूकम्पले गर्दा झण्डै ७ लाख घरहरू क्षतिग्रस्त भएका छन्, लाखौं व्यक्तिहरू गरिबीको मारमा परेका बेला पूर्वप्रधानमन्त्री भएका नाताले त्यस्ता जनतालाई सहयोग गर्न लाग्नुको बदला उनी व्यक्तिगत स्वार्थ पुरा गर्ने नाममा नयाँ शक्ति निर्माण गर्ने भन्दै राज्यले दिएको सुविधाको दुरूपयोग गरि जनताकै विरूद्ध लागेका हुनाले अब कुनै विलम्ब नगरी उनलाई राज्यले दिएको सुविधा फिर्ता लिनु आवश्यक छ । गरिब जनताले तिरेको करबाट भत्तालगायत सबै सुविधाहरू लिएर जनताको विरूद्धमा लाग्ने अधिकार कसैलाई छैन ।

पछिल्लो समयमा भारतले लगाएको अघोषित नाकाबन्दीमा केही खुकुलो भएपनि पूर्णरूपमा नाकाबन्दी हटेको छैन । उपत्यकाका लागि आवश्यक पर्ने इन्धनलगायतका सबै अत्यावश्यक सामग्रीहरू रक्सौल–वीरगञ्जको नाकाबाट नेपाल प्रवेश गर्नुपर्नेमा भारतीय सरकारले मधेसवादी दलहरूको आन्दोलनलाई देखाएर रक्सौल नाकाबाट सवारीसाधनहरू नेपाल प्रवेशमा रोक लगाएको छ । मधेसावादी दलका केही नगन्य मात्रामा धर्नाकारीहरू धर्नामा बसेका भएपनि भारतले सवारी साधनहरू नेपाल प्रवेशमा रोक लगाउनु नेपाल सरकार र नेपाली जनतालाई दुःख दिने मनसाय नै हो । विश्वव्यापी सिद्धान्त अनुसार नेपाल भूपरिवेष्ठित मुलुक भएकाले उसले पाउनु पर्ने पारवहन सुविधा समेत भारतले खोसेको छ । राजनीतिक दलहरूले भारतीय राजनीतिक दलका नेताहरूलाई के–के आश्वासन दिएका थिए, त्यसमा जनतालाई केही सरोकार छैन । राजनीतिक दलका नेताहरूले भारतीय राजनीतिक दलका नेताहरूलाई दिएका आश्वासनका बारेमा नत नेपाली जनता जानकार रहेका छन्, नत भारतीय जनता नै । भारतका जनता पनि न्यायका पक्षमा उभिएका छन्, नेपाली जनता पनि । नेपाल भारत सम्बन्ध अहिलेको होइन, हजारौं नेपाली चेलीहरू भारतीयसँग विवाह बन्धनमा बाँधिएका छन् भने भारतीय चेलीहरू पनि नेपाली नागरिकसँग विवाह बन्धनमा बाँधिएका छन् । नेपाली नागरिकसँग विवाह बन्धनमा बाँधिएका नेपाली बुहारीहरूलाई नेपालमा अंगीकृत नागरिकता लिन कुनै अवरोध छैन, थिएन । तर नयाँ संविधान जारी भएपश्चात त्यसैलाई आधार मानेर भ्रमपूर्ण तरिकाले भारतीय सञ्चारमाध्यमहरूले समाचर प्रकाशित गर्नु नेपाल–भारत माथिको सम्बन्धमा आँच पुर्‍याउन खोज्नु बाहेक अन्य केही हुन सक्दैन ।

नेपालमा २०७२ असोज ३ गते नयाँ संविधान जारी भएपश्चात नयाँ संविधान अनुसार विभिन्न जिल्लामा गरी नेपाली बुहारी भारतीय चेलीहरूले झण्डै १२ सयको हाराहारीमा नेपाली नागरिकता लिइसकेका छन् । अब भारतीय पक्षले भन्नुपर्‍यो भारतीय चेलीहरूलाई कहाँ विभेद गरिएको छ । तत्कालिन संविधानसभा र हालको व्यवस्थापिका संसदमा समेत भारतीय चेली र नेपाली बुहारीहरू जो वैवाहिक सम्बन्ध भएर अंगीकृत नागरिकता लिएकाहरू १२ जना सांसद पदमै रहेका छन् । के त्यसैले प्रमाणित हुँदैन, भारतीय चेलीहरू माथि कुनै अन्याय गरेको छैन भनेर ?

मधेसमा आन्दोलनरत केही मधेसवादी दलहरू र केपी ओली नेतृत्वको सरकार बीच पटक–पटक वार्ता, सम्वाद भएपनि त्यसले कुनै निष्कर्ष निस्कन नसकेपछि राजनीतिक रूपमै राजनीतिक दलहरू वार्तामा सहभागी भएका छन् । खास गरेर ठूला दल भनिएका कांग्रेस, एमाले र एमओवादीको एउटै स्वर हुनुपर्ने र संविधान संशोधनमा प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले सहयोग नगरी संविधान संशोधन हुन नसक्ने भएपछि अहिले कांग्रेस, एमाले र एमाओवादी वार्ता टोली नै बनाएर मधेसवादी दलहरूसँग वार्ता गरिरहेका भएपनि वार्ताले ठोस आकार लिन नसक्नु दुःखको विषय हो । मधेसावादी दलहरूको अनावश्यक हठलाई सरकार र दलहरूले कुनै हालतमा पनि स्वीकार गर्नु उचित हुँदैन । प्रदेश निर्माण गर्दा मुलुकको अर्थतन्त्रलाई हेरेर मुलुकले धान्न सक्ने मात्र प्रदेशहरू निर्माण गरिनुपर्छ । सरकारले संसद भवन त बनाउन सकिरहेको छैन भने धेरै प्रदेशहरू बनाउँदा त्यसलाई धान्ने खर्च कहाँबाट ल्याउने ?

संविधानमै सात प्रदेशेको व्यवस्था गरिएको भएपनि राजनीतिक दलहरूको सहमति भएमा प्रदेशको संख्या घटाउनु उपयुक्त हुन्छ । प्रदेशको सीमांकनका बारेमा सहमति हुन नसकेको खण्डमा त्यसलाई निरूपण गर्न जनता सामु जानु सबैभन्दा उचित विकल्प हुन्छ । जनता जुन प्रदेशमा बस्न चाहन्छन्, त्यही प्रदेशमा बस्न पाउनु पर्ने उनीहरूको नैसर्गिक अधिकारलाई नत सरकारले खोस्न सक्छ, नत राजनीतिक दलहरूले । यी तमाम कार्यहरू सम्पन्न गर्नका लागि सबै राजनीतिक दलहरू एकै ठाउँमा उभिनु आवश्यक छ । त्यसमा पनि भारतले लगाएको अघोषित नाकाबन्दीको डटेर मुकाविला गर्न दलहरू मात्र नभएर जनता पनि एक साथ उभिनु आवश्यक छ । केपी ओली नेतृत्वको सरकारले जनताको पक्षमा सिन्कोसम्म नभाँचेपनि ओलीले लिएको राष्ट्रवाद र राष्ट्रिय स्वाधिनताको पक्षमा जनताले प्रधानमन्त्रीलाई साथ दिँदै आएका भएपनि त्यसलाई जनताको कमजोरीको रूपमा हेरिएको खण्डमा त्यो ओली सरकारका लागि आत्मघाती समेत हुन सक्छ, त्यसैले सबैभन्दा पहिला भारतीय नाकाबन्दी हटाएर मुलुकलाई सहज मार्गमा लैजानु सरकार र दलहरूको दायित्व र कर्तव्य समेत हो ।

*devendrachudal@gmail.com*

# नेपाललाई सिक्किम बनाउने मृत्युघण्ट बज्यो



राजन कार्की

नेपालको राजनीतिक तरलताले गर्दा भारत निरन्तर धक्का दिइरहेछ भने नेपाल घडीको रालो हल्लिएझैं हल्लिरहेको छ । नेपालमा अस्थिरता र अराजकताको आगो सल्काउन सफलता हासिल गरेको भारतले यतिखेर बिखण्डनको आवाज बुलन्द पार्न लगाएर एकीकृत नेपालबाट मधेसलाई मानसिक रूपमा भिन्न पारिसकेको छ, एक मधेस र स्वायत्तताको अधिकारका लागि मधेसलाई मोर्चामा रूपान्तरण गरिदिएको छ । नेपाल, नेपालभित्रै लडाईं लड्न बाध्य भएको छ । त्यसमाथि भारतको छायाँ युद्ध थोपरिएको छ । सत्तामा सोह्र दल छन्, यिनको स्पष्ट नीति केही पनि छैन । संविधान छ, संविधानको उल्लंघनकर्ता यिनीहरू आफै बनेका छन् । राष्ट्रिय एकता निर्माण गर्न यिनीहरू बिफल देखिन्छन् । प्राविधिक बहुमत भएकाले ओली नेतृत्वको गठजोडको कब्जामा सत्ता छ, माटो छैन । यिनीहरू गणतन्त्र भन्छन्, यिनको हातमा गण पनि छैन, तन्त्र पनि छैन । यिनीहरू मोहीजस्तामात्र छन्, मालिक त दिल्लीमा बसेको छ । राजाका अधिकार खोस्यौं भनेर नाक फुलाउने नेताहरू दुशासनभन्दा भिन्न भूमिकामा छैनन् । भूकम्पपछिका लूटतन्त्र हेरेपछि यो स्पष्ट हुन्छ ।

घटना १९७५ अप्रिल २६ को हो । सिक्किम संसदका ३२ मध्ये ३१ सांसदले भारतको प्रान्त हुन मन्जूर गरेको प्रस्ताव पास गरे । स्वाधीन राष्ट्र सिक्किम एउटै प्रस्तावबाट भारतको प्रान्त हुनपुग्यो । त्यो उदाहरणबाट सिख लिन सकेनन्, हाम्रा लोकतन्त्र रामनाम धारीहरूले ।

पुरानो राष्ट्र सिक्किमको ११ सय वर्ष पुरानो इतिहासका अनुसार कहिले पनि परतन्त्रको चंगुलमा परेन । सन १६४२ मा फन्चोक नामग्याल गद्दीआसीन भएपछि राजतन्त्रको सुरुआत भएको सिक्किमलाई जनताका प्रतिनिधि हुँ भन्नेले नै भारतको प्रान्त बनाईदिए । आज सिक्किम छ, प्रजातन्त्र पनि छ, तर सिक्किमको स्वाधीनता छैन, सिक्किम भारत भैसकेको छ । सुनाखरी ओइलाइसक्यो ।

सिक्किमले पनि सन १९५० मा भारतसंग सन्धि गर्‍यो । त्यही सन्धिमा टेकेर भारतीयहरू सिक्किमभरि फैलिए । सिक्किमको प्रशासनिक, शैक्षिक, आर्थिक, व्यापारिक सञ्जालमा भारतीयहरू हावी हुँदै गए । भारतले आफ्नो प्रतिनिधि 'देवान'का रूपमा खटायो । भारतमा इन्दिरा गान्धीको जाज्वल्यमान 'रणचण्डी' समय थियो । सन्धि हुनु पूर्व सिक्किममा भारतीय कांग्रेस आईको शाखा खोलियो । सिक्किम कांग्रेसको नेता लेण्डुप दोर्जी बने । राजतन्त्र कमजोर थियो र हरेक राष्ट्रविरोधी र भारतीय पक्षमा भएका राजनीतिक र प्रशासनिक कृयाकलापलाई टुलुटुलु हेरिबस्ने बाहेक केही गर्न सक्दैनथे । उनका सल्लाहकारहरू स्वार्थी थिए, लोभी थिए र भारतले यी सबैलाई खरिद गरिसकेको थियो । यस्ता सहयोगीहरूबाट घेरिएका राजाले केही गर्न सक्ने कुरा पनि थिएन । सिक्किम गार्ड सिक्किमेलीको थियो तर कमाण्डरहरू भारतीय थिए । तथापि राष्ट्रवादीहरूले सिक्किम संयुक्त मोर्चा गठन गरेका थिए । लेण्डुप दोर्जीले खोलेको सिक्किम नेशनल पार्टीले राष्ट्रवादीलाई दबाउन र किनारा लगाउन सफल बनेको थियो । यसमा भारतीय लगानीले ठूलो काम गर्‍यो । जागरूक जनता र समाजबाट सिक्किमको स्वतन्त्रताको कुरा उठे पनि तिनलाई दबाउन र भारतले निशुल्क पढ्न, सस्तो खाद्यान्न दिन, बुढाबुढीलाई पेन्सन बाँड्न, सब कुरा भारतले सहयोग गर्दैछ भनेर भारतको धुवाँधार प्रचार गराईयो । भारत सफल भयो ।

सिक्किममा भारतको विस्तारवादी नंग्रा फैलिन थालेको आभाष पाएर विद्यार्थीहरूले 'हामी स्वतन्त्रता चाहन्छौं' भन्ने नारा र जुलुस पनि प्रदर्शन गरेका थिए । सिक्किमकी महारानी अमेरिकी मूलकी होप नाम गरेकी महिला थिइन । यिनले राजा चोग्याललाई थाहै नदिई र कतिपय मामिलामा हेपेर आफ्नो हुकुम जारी गरेर राजकाजमा हस्तक्षेप गर्ने गरेकीले जनतामा राजतन्त्रका बारेमा नकारात्मक भावना फैलदै गएको थियो । सन १९६४ मा गद्दीनसीन राजा चोग्यालले आफ्नो कार्यकालमा कमाउने र आनन्द लुट्ने बाहेक केही काम गर्न सकेका थिएनन् । भारतलाई राजनीतिको स्वर्ग सम्झने लेण्डुपको पार्टीले भारतमा धेरै फोरमहरू खोलेर भारतलाई चलखेल गर्ने वातावरण बनाईदिएको थियो । तर यही पार्टीले राजा भारतबादी भएको आरोप लगाउँथ्यो र सिक्किमका नागरिक समाज पनि यही आरोपको ढोल पिट्थ्यो । यसरी राजतन्त्रको जनस्तरबाट उग्र बिरोध बढाईदै थियो भने भारतीयहरूको जग मजबुत पार्ने काम पनि साथसाथै हुँदैथियो ।

एक्कासी सिक्किमका जनतालाई उद्वेलित पारियो । भारतले यति धेरै पैसा सिक्किममा छर्‍यो कि सिक्किमी बुद्धिजीवीहरूसमेत भारतको पक्षमा उभिए । राजनीतिमा त भारतको राम्रै पकड भैसकेको थियो । यतिखेर सिक्किमी जनता तीन खेमामा बिभाजित हुन पुगेका थिए । सिक्किमलाई भारतमा मिलाउन सक्यो भने सस्तो खाना, राम्रो सुरक्षा, व्यापक विकास र रोजगारी पाइन्छ भन्ने थिए भने अधिकांश सोझा जनतालाई सिक्किमको राष्ट्रियता भारतलाई बेचिदैछ भन्ने पनि थाहा थिएन । तेस्रो खेमा थियो : राष्ट्रवादी खेमा । यो खेमालाई प्रतिगामी, अन्धो राष्ट्रवादी भनेर किनारा लगाइएयो । विश्व इतिहासमा १९७५ अप्रिल १० को कलंकपूर्ण कालो दिन आयो । सिक्किमी संसदले राजतन्त्र समाप्त पार्ने र सिक्किम भारतको प्रान्त भएर बस्न मञ्जूर गरेको प्रस्ताव पारित गर्‍यो । सिक्किम समाप्त भयो ।

त्यसपछि भारतले अर्को नाटकको पटाक्षेप गर्न सुरू गर्‍यो । यसको ठीक ४ दिनपछि अर्थात अप्रिल १४ मा सिक्किमी जनता के भन्छन् ? भनेर कथित जनमत संग्रह गरियो । भारतको प्रत्यक्ष निगरानी र संरक्षणमा भएको यो जनमत संग्रहको नतिजा प्रजातन्त्रको इतिहासमै कलंकको रूपमा स्थापित हुनपुगेको छ । यो जनमत संग्रहमा सिक्किमका जनताभन्दा बढी मतदान भयो र अधिकांश जनताले राजतन्त्रको अन्त्य र भारतको प्रान्त भएर बस्न मञ्जूर गरेको नतिजा प्रकाशन गरियो । अनि १९७५ अप्रिल २६ का दिन भारतीय संविधानमा सिक्किमका जनता भारतमा विलयन हुन चाहन्छन् भनेर संशोधन गरियो र सिक्किम भारतको नक्सामा मिसियो ।

तत्काल चीनले यो घटनाको विरोध गर्‍यो । तर, हालैका वर्ष चीन र भारतवीच सम्बन्ध सामान्यीकरण हुँदै गएको र चीनको व्यापारिक महत्वाकांक्षाका कारणले चीनले सिक्किमको नाथुला नाकाबाट व्यापारिक सम्बन्ध प्रगाढ बनायो । यही वर्ष चीन र भारत मिलेर नेपालको लिपुलेकबाट व्यापार गर्ने सन्धि समेत गरियो । यो निर्णयबाट चीनको भारतीय बिस्तारवादको बिरोधको नीति संशोधन हुन पुगेको छ । चीनको यो मुनाफाखोर नीतिले नेपालमा सिक्किममा झैं बढ्दै गएको भारतको बिस्तारवादी पाइलालाई समर्थन र उत्साह मिल्ने खतरा देखिन्छ । चीनले व्यापार र मुनाफाका लागि भारतीय बिस्तारवादलाई पुठ दिन पुगेको छ, त्यो नेपालजस्ता साना राष्ट्रका लागि 'मृत्युको घण्ट' सावित हुनसक्छ ।

अहिले नेपालका राजनीतिक परिदृश्यहरू सिक्किम विलयन पूर्वका घटनाक्रमसँग मेल खान्छ । भारतीय पैसा जातीयता, क्षेत्रीयता, भाषागत र असमानताका मुद्दालाई उछालिएको छ । भारतका ज्यादतिका बारेमा नेतादेखि नागरिक समाज, मानवाधिकारवादी, समाजशास्त्री, बुद्धिजीवी कोही बोलिरहेका छैनन् । २१औं शताब्दिका नेपालीले दलालमुखी कृयाकलापलाई मुकदर्शक भएर बसिरहने छैनन् भन्ने कुराको संकेत दिइसकेका छन् । जनता इस्पातका धार बन्न सकेनन् भने नेपाल सिक्किमको जस्तो खतरामा पर्नेछन् ।

# गाउँ गाउँमा महिला न्यायाधीश

ललितबहादुर बुढा

सुर्खेत । राकमनिवासी मीनालाई ( नाम परिवर्तन) उनका श्रीमान्ले दिनहुँ कुट्थे । मदिरा सेवन गरेर घरमा आउने उजिरले दिनहुँजसो मीनालाई कुटपिट गर्थे । उनले यतिसम्म यातना दिए कि सहन नसकेर मीना सम्बन्धविच्छेद गर्ने निर्णयमा पुगिन् । सँगै बस्ने अवस्था नभएपछि मीनाले उजिरविरूद्ध गाउँमै रहेको प्रहरी चौकीमा निवेदन दिइन् । तर, प्रहरीले लोग्नेस्वास्नीको झगडा घरमै मिलाउनु भन्न थालेपछि मीना न्यायका लागि स्थानीय आमा समूहको कार्यालयमा पुगिन् । आमा समूहमा आबद्ध गाउँका महिलाले मीना र उजिरलाई मिलाउन प्रयास गरे । आमा समूहका प्रयासपछि उनीहरु दुवैको सोचमा परिवर्तन आयो । उजिरले आफ्नो कमजोरी स्वीकार गरेपछि मीनाले उनीविरूद्ध प्रहरीमा दिएको मुद्दा फिर्ता लिइन् ।

सम्बन्धविच्छेद गर्ने निर्णयमा पुगेका मीना र उजिर हिजोआज मिलेर बसेका छन् । स्थानीय आमा समूहकै प्रयासका कारण उनीहरुबीचको सम्बन्ध टुट्न पाएन । गाउँका महिलाले सामूहिक रुपमा सम्झाएपछि उजिरले मीनालाई कुट्न र मदिरा सेवन गर्न दुवै छाडे । ग्रामीण क्षेत्रमा हुने साना-ठूला विवाद समाधानका लागि हिजोआज स्थानीय आमा समूहले नेतृत्वदायी भूमिका निर्वाह गर्न थालेको छ । परिवार तथा छिमेकमा हुने सामान्य मनमुटावमा समेत प्रहरी र अदालतसम्म धाउनुपर्ने अवस्था हटाउन अहिले गाउँका आमा समूह नै प्रहरी र अदालत भएका छन् । विवादको समाधान तथा पीडितलाई न्याय दिलाउने काम गाउँमै गरेर आमा समूहमा आबद्ध महिलाले ग्रामीण क्षेत्रमा न्यायाधीशको भूमिका निर्वाह गरिरहेका छन् ।

अहिले गाउँमै धेरैजसो विवाद समाधान हुन थालेका छन् । सहमतिमा मुद्दाको छिनोफानो गाउँमै हुन थालेपछि खर्च जोगिएको छ । न्यायका लागि वर्षौंसम्म अदालतमा धाउनुपर्ने समस्याबाट समेत धेरैले मुक्ति पाएका छन् ।

मीना भन्छिन्, 'मैले समयमा नै आमा समूहलाई नगुहारेको भए आज छोराछोरीको भविष्य बर्बाद हुने रहेछ । श्रीमान्ले गरेको अत्याचार सहन नसकेर हतारमा सम्बन्धविच्छेद गर्ने निर्णय गरैं । तर, आमा समूहको सहयोगले श्रीमान्को बानीमा सुधार आयो । मलाई हाम्रो परिवारले नयाँ जीवन पाएजस्तो लाग्छ ।'

अहिले उजिर गाउँमै होटेल व्यवसाय गरिरहेका छन् । मीना उनलाई सहयोग गर्छिन् । उजिर भन्छन्, 'जाँडरक्सीको नसाले अन्धो नै भइसकेको थिएँ । आमा समूहको कारण मैले पुनर्जन्म पाएँ । मैले नबुझेर श्रीमतीलाई कुटेको रहेछु ।'

सुर्खेत पाम्काका चन्द्रमान (नाम परिवर्तन) को जग्गा छिमेकी मोतीराम ( नाम परिवर्तन) ले मिचेपछि दुई परिवारबीच वर्षौंसम्म बोलचाल बन्द भयो । उनीहरूले न्यायका लागि प्रहरी र अदालत धाए । विवाद भएको चार वर्षसम्म पनि जिल्ला अदालतबाट मुद्दाको फैसला भएन । चन्द्रमानले २०७२ वैशाखमा मोतीरामविरूद्ध गाउँकै आमा समूहमा 'जग्गा मिचेकोले न्याय पाउँ' भनेर निवेदन दिए । उजुरी परेको एक सातामै समूहले विवाद टुङ्ग्यायो ।

आमा समूहले मोतीरामले जग्गा मिचेकाले गल्ती स्वीकार गर्नुपर्ने निर्णय गर्‍यो । आफूहरूको निर्णय नमाने मोतीरामलाई कुनै पनि सामाजिक सहयोग नगर्ने निर्णय महिलाले गरे । समूहको निर्णयपछि मोतीरामले चन्द्रमानसँग माफी माग्दै उनको जग्गा फिर्ता दिए । आमा समूहको भेलामा मोतीरामले आफूले उक्त जग्गा सरकारी भएको ठानेर प्रयोग गरेको भनेर आफ्नो बचाउ गरेका थिए । अहिले चन्द्रमान र मोतीरामको सम्बन्ध राम्रो छ । हिजोआज गाउँमा आमा समूह र महिला समूह नै सबैका सहयोगी बनेका छन् । पोखरीलेँकाँडामा रहेको नयाँ पाइला महिला समूहले पनि गाउँका धेरै विवाद र मुद्दा मिलाउने गरेको छ । समूहकी अध्यक्ष डिलसरा नेपाली भन्छिन्, 'हामीले सकेसम्म दुवै पक्षले जित्ने गरेर निर्णय गर्ने गरेका छौं । अहिलेसम्म कसैले पनि हामीले गरेको निर्णय तोडेका छैनन् ।' यसबाट समाजमा सद्भाव कायम भएको छ । अर्कोतर्फ न्यायका लागि सदरमुकाम जाँदा लाग्ने खर्च पनि जोगिएको छ । आफ्नो समूहले समाजमा हुने विवाद मात्र नभई गाउँको विकासमा समेत सबैलाई एकमत गराउने नेपालीको भनाइ छ । गाउँमा रहेका आमा समूह र महिला समूहले नै न्याय दिन थालेपछि हिजोआज प्रहरीमा आउने उजुरीको सङ्ख्यामा समेत कमी भएको छ । जिल्ला प्रहरी कार्यालयमा रहेको महिला तथा बालबालिका सेलमा पहिलाको तुलनामा उजुरी कम आउन थालेका छन् । सुर्खेतका प्रहरी प्रमुख एसपी राजेशकुमारलाल कर्ण समुदायमा नै विवादहरु मिल्नु सकारात्मक भएको बताउँछन् । उनी भन्छन्, 'गाउँमा प्रहरीको पहुँच पनि चाहेजति छैन, जसको कारण पनि आमा समूह र महिला समूहको भूमिका सकारात्मक छ ।'

गाउँमा क्रियाशील महिला तथा आमा समूहमा हिजोआज महिला हिंसाका घटना मात्र नभएर लेनदेन, जग्गाको सिमाना मिचेको, गाली गरेको, नियमविपरीत काम गरेको र सामान्य कुटपिटका समेत उजुरी आउने गरेका छन् । समयमा नै मुद्दाको छिनोफानो हुने र खर्च पनि नलाग्ने भएपछि सर्वसाधारणसमेत गाउँका महिला तथा आमा समूहमा गएर न्याय माग्न थालेका छन् ।

*(सञ्चारिक लेखमाला)*


**नागरिक लगानी कोषद्वारा सञ्चातिल निम्न कार्यक्रमहरूमा सहभागी भई भविष्यका लागि बचत गरौं**

**कर्मचारी बचत वृद्धि स्वीकृत अवकाश कोषमा सहभागी भई बचत गर्दा पाइने फाइदाहरु**

- वार्षिक ६.५ प्रतिशत ब्याज पाइने,
- बचत गरेको २ वर्षपछि बचत रकमको ८० प्रतिशत सापटी लिन पाइने,
- सहुलियत ब्याजदर १० प्रतिशतमा धितो मूल्यांकनले खामेसम्मको बढीमा रु. २५ लाखसम्म आवासकर्जा पाइने सुविधा लिन पाइने,
- तलबको एकतिहाई रकममा आयकर छुट सुविधा पाइने,
- तलबको ५ देखि ३३ प्रतिशतसम्म रकम कोष कट्टी गर्न पाइने,
- सेवाबाट अवकाश भएपछि एकमुष्ठ रकम पाइने,
- जुनसुकै बैंकका शाखा कार्यालयहरूबाट रकम जम्मा गर्न सकिने,
- ब्यालेन्स सर्टिफिकेट लिन सकिने ।
- दुर्घटनाबश मृत्यु भएमा रु. १ लाखसम्मको दुर्घटना बीमाको व्यवस्था भएको ।

*"आजैदेखि सहभागी भई बचत गर्ने बानी बसालौं"*

**नागरिक एकांक योजना, २०५२ खरिद गर्दा पाइने फाइदाहरु**

- सुरक्षित बचत, आकर्षक ब्याजदरमा लगानी गर्ने सुनौलो अवसर,
- अत्यधिक तरलताको सुविधा भएको,
- व्यक्तिगत वार्षिक ८ प्रतिशत ब्याज पाइने,
- संस्थागत ५.५ प्रतिशत ब्याज पाइने
- जुनसुकै समयमा खरिद तथा बिक्री गर्न सकिने,
- बचतको प्रमाण पाइने,
- ब्यालेन्स सर्टिफिकेट लिन सकिने ।

**नागरिक लगानी कोष**
नयाँ बानेश्वर, काठमाडौं, पोष्ट बक्स नं. ५८२३
फोन : ०१-४४८५७१९, ०१-४४८५७२५, फ्याक्स : ०१-४४८५७१९
ई-मेल : info@wlink.org.np, Website: www.nlk.org.np

# Pathankot Debacle - False Flag Operation of Raw

Indeed, there are extremists and terrorists organizations and outfits in and India, who do not wish to see resolution of disputes through talks, as the belligerent environment is conducive to their vile acts. Even as the Indian government refuses to admit any lapse on the part of security and intelligence agencies in the terror attack at Pathankot airbase, debate is raging over the failure of the intelligence and security system. The questions are being raised: Why the first information of the armed infiltration given by a Punjab Police officer, who was abducted by the terrorists, was ignored? What was the Border Security Force doing? Where were surveillance equipment and night vision devices? Air Vice Marshal Kapil Kak (R) said: "You (the government) had specific inputs 24 hours in advance that Punjab is going to be struck, why was security of vital installations not beefed up?

He strongly disagreed with Major General Satbir Singh (R) who said the Pakistan were involved in the attack. There is a widespread perception that the terror attack was aimed at unsettling the dialogue process between the two nations. As usual, Indian media continued to blame Pakistan for attack on Pathankot Air base without any concrete evidence. However, investigating reports by a section of media and website mansolaris.wordpress.com raised many valid questions showing holes in the story. Meanwhile, India has given 'leads' - details of two intercepted telephone numbers, and that one of the terrorists was wearing pair of shoes manufactured in Pakistan. India has neither provided identities of the terrorists nor results of the DNA tests. Pakistan has, therefore, asked India to provide concrete, reliable and actionable intelligence and not mere leads and information.

Prime Minister Nawaz Sharif has assured Narendra Modi that prompt and decisive action will be taken against those found guilty. However, there is another view that entire drama was staged by the RAW to sabotage the dialogue process. According to a report, local residents of Pathankot said that barriers to the Pathankot were removed on Friday, and local shopkeepers were also asked to close their shops at 5 pm, which raised serious doubts. An Indian defence source had said the terrorists from JeM, blamed for the December 2001 attack on Parliament that killed 11 people, had probably infiltrated about three days ago. The attackers, with huge quantity of RDX in their possession, made their way to the base from the rear area where there is a jungle. Reportedly, India's security forces were put on high alert on Friday, after Gurdaspur superintendent of police (headquarters) Salwinder Singh said that he and his associates were kidnapped by five armed men in army fatigues.

Such lackadaisicalness or neglect shows some foul play, and the perception is that the RAW could have neutralized Narendra Modi's efforts to improve relations with Pakistan. Reportedly, several calls were made from a number that belonged to Superintendent of Police whose vehicle the terrorists had snatched. Hundreds of Defence Security Corps guards tasked with guarding that fence had failed to notice, as the assault team carried 50 kg of ammunition, 30 kg of grenades, and their assault weapons. Yet, the ease with which terrorists penetrated the base surprised many. As India blames Pakistan for every terror act in India, a section of Pakistani media and analysts accuse India RAW of conducting terror acts in Pakistan, and false flag operations in India to propagate that Pakistan sponsors terrorism. They believe that RAW has the capacity and capability to infiltrate into and use banned organisations.

In the past, Samjhauta Express tragedy and attack on the Indian Parliament were said to have been engineered by the Research and Analysis Wing (RAW) to defame Pakistan as well as Kashmiris who were waging a legitimate struggle against Indian occupation. Not only the then Pakistan's information secretary but India watchers, who knew about India's false flag operations, had reached the conclusion that it was insiders' job, as no outsider could reach the most protected area. Wikileaks, which contained secret State Department wires, had quoted former US ambassador to Pakistan Anne W. Patterson for having written to the State Department that India had presented insufficient evidence against the senior leaders of now proscribed Lashkar-e-Taiba. She had mentioned in a wire to the Washington that Federal Investigation Agency (FIA) and other investigators had insufficient evidence for prosecution against Lashkar-e-Taiba's Zaki-ur-Rehman Lakhvi, Zarar Shah and Mazhar Iqbal Alqama.

Some of the wires generated by US embassy in India had also made the India's case on Mumbai attacks doubtful. Charge Geoff Pyatt was quoted to have written to Washington: "Indian officials remain convinced that Pakistan is behind the July 11th Mumbai attacks, and worry that the US is setting the bar too high for "solid evidence" of Pakistani intelligence involvement." The leak had even quoted then National Security Advisor M.K. Narayanan as admitting that there were some pieces of the puzzle still missing. Narayanan had used the opportunity to reinforce the popular perception that Pakistan was to blame for the attacks. He said this while answering criticism that the foreign secretarya:'s and Mumbai police's statements about the investigation were not backed by solid proof. On the other hand, Pakistan has been apologetic and always on the defensive, and the world starts believing Indian claim as genuine.

In Prime Minister Narendra Modi's impromptu visit to Lahore to wish Prime Minister Nawaz Sharif a happy birthday and to congratulate on wedding of his granddaughter, Pakistan saw it as a chance to resume talks. But can anyone even recall how many rounds of this meaningless dialogue have gone through over the time without yielding even an inch of progress on any of the substantive issues? Indian establishment along with its political, media and intellectual cohorts have been unrelentingly squeezing the infamous Mumbai terrorist assault to the last drop to denigrate Pakistan internationally and paint it as the sponsor of terrorism in India. So far as Islamabad hierarchy was concerned, it did nothing to counter India's vicious anti-Pakistan campaign. It felt shy of speaking out the Indian incitement of separatism in our Balochistan province and Indian intelligence agencies vile games in our sensitive tribal areas and country's other parts.

***By : Jamil***



# साना किसान विकास बैंकको साधारणसभा

काठमाडौं । साना किसान विकास बैंकको १४औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । बैंकको अधिकृत पुँजी २४ करोड, जारी तथा चुक्ता पुँजी २३ करोड ६ लाख ८२ हजार रहेको साधारणसभामा जानकारी दिइएको थियो ।

बैंकमा संस्थापक बैंक तथा साना किसान सहकारी संस्थाको ७० प्रतिशत र सर्वसाधारणको ३० प्रतिशत सेयर स्वामित्व छ । गत आवमा प्रस्तावित हकप्रद सेयर ११ करोड ५३ लाख ४१ हजार र साधारणसभामा प्रस्तावित बोनस सेयर ५ करोड ७६ लाख ७१ हजार गरी चालू आव अन्त्यसम्म कुल चुक्ता पुँजी ४० करोड ३६ लाख ९४ हजार रूपैयाँ पुग्ने बैंकले जनाएको छ ।

नेपाल सरकारको स्वामित्वका रहेको सम्पूर्ण सेयर बिक्री गरेपछि बैंकका संस्थापक सेयरधनी साना किसान सहकारी संस्था संख्या २ सय ३१ पुगेको छ । बैंकले ग्रामीण क्षेत्रमा रहेका साना किसान सहकारी र यस्तै प्रकृतिका समुदायमा आधारित सहकारी संस्थामार्फत विपन्न तथा साना किसान परिवारमा लघुवित्त सेवा पुऱ्याउन थोक कर्जा र प्राविधिक सेवा उपलब्ध गराउँदै आएको छ । नेपालका ५७ जिल्लामा रहेका ५ सय १४ सहकारी संस्थामार्फत बैंकले लगभग ४ लाख ७५ हजार परिवारमा लघुवित्त सेवा पुऱ्याएको साधारणसभामा जानकारी दिइएको थियो ।

०७२ कात्तिक मसान्तसम्म बैंकको लगानीमा रहेको कर्जा ८ अर्ब ३५ करोड पुगेको छ भने आबद्ध संस्थाले स्थानीय स्तरमा १३ करोड ९७ लाख आन्तरिक पुँजी निर्माण गरी कुल २१ अर्ब ७१ कारोड पुँजी परिचालन गरेका छन् ।

बैंकले संस्थालाई दुग्ध तथा मासुजन्य पशुपालनका लागि ५ प्रतिशत, कृषि तथा लघुउद्यम/व्यवसायका लागि ९ प्रतिशत र नवीकरणीय ऊर्जा कर्जा ८ प्रतिशत वार्षिक ब्याजदरमा उपलब्ध गराउँदै आएको बैंक अध्यक्ष खेमबहादुर पाठकले बताए ।

बैंकले लघुवित्त सेवाबाट वञ्चित विपन्न तथा साना किसानको वित्तीय पहुँच बढाउन नेपाल सरकार तथा अन्य सहयोगी निकायको सहयोगमा साना किसान सहकारी अनुशरण कार्यक्रम सञ्चालन गर्दै आएको छ । त्यस्तै, पशुपालन कर्जा कार्यक्रमअन्तर्गत सरकारको सहयोगमा हालसम्म ५४ हजार किसानले करिब ३ लाख पशुपालनका लागि कर्जा लिएको बैंकले जनाएको छ ।

बैंकले साना किसानका छोराछोरीलाई आधुनिक कृषि प्रविधिको जानकारी दिन १०–११ महिने कृषि तालिम व्यवस्था मिलाउन इजरायलले सहमति दिएको छ । सहमतिपछि सन् २०१३ मा २ सय ५ र सन् २०१४ मा ५ सय १५ गरी ७ सय २० जना इजरायलमा सञ्चालित तालिममा सहभागी भई फिर्ता आइसकेका छन् भने सन् २०१५ मा ४ सय २९ विद्यार्थी इजरायल तालिमका लागि गएको बैंकले जनाएको छ ।

नेपाल सरकार, कृषि विकास बैंक, नेपाल बैंक, नबिल बैंक र साना किसान सहकारी संस्थाको संस्थापकत्वमा ०५८ असार २२ मा लघुवित्त कारोबार गर्ने उद्देश्यले बैंक स्थापना भएको थियो ।


# नेपालको संविधानमा मुस्लिमको अधिकार

**नेपालको संविधानमा मुस्लिमको हक अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ ।**

- वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, विभेद अन्त्य गर्ने ।
- समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य हुने ।
- सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, भाषा वा क्षेत्र, वैचारिक आस्था वा अन्य कुनै आधारमा भेदभाव नगरिने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका मुस्लिम लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपालीसमुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षणगर्ने हक हुने ।
- सामाजिक रूपले पछाडि परेकामुस्लिम समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।
- मुस्लिम समुदाय समेतलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- सवैधानिक निकायको रुपमा एक मुस्लिम आयोग रहने ।
- राज्यको संरचना गर्दा समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने ।
- राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिंग वा समुदायको हुने ।
- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी आधारमा गर्ने ।
- नेपाली सेनामा मुस्लिम समेतको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा गरिने ।
- नेपाली राजदूत र विशेष प्रतिनिधिसमावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- सवैधानिक अंग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- जनसंख्याको घनत्व, भौगोलिक विशिष्टता, प्रशासनिक एवं यातायातको सुगमता, सामुदायिक तथा सांस्कृतिक पक्षलाई समेत ध्यान राख्दै कार्य गर्नका लागि निर्वाचन क्षेत्र निर्धारण हुने ।

**नेपाल सरकार**
**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**

**नेपाल सरकार**
**सूचना तथा सञ्चार प्रविधि मन्त्रालय**
**सूचना विभाग**


## vnsb

# मेसी पाँचौंपटक फिफा वर्ष खेलाडी

जुरिच । अर्जेन्टिना तथा बार्सिलोनाका प्लेमेकर लियोनल मेसीले पाँचौंपटक बालोन डी ओर (फिफा वर्ष खेलाडी) उपाधि जितेका छन् । पाँचौंपटक फिफा वर्ष खेलाडी घोषित हुने मेसी एक्ला फुटबलर हुन् । जुरिचमा सोमबार राति एक समारोहबीच सन् २०१५ का फिफा वर्ष खेलाडी चुनिँदा मेसीले रियल म्याड्रिडका क्रिस्टियानो रोनाल्डो र बार्सिलोनाकै नेमार जुनियरलाई निराश पारेका थिए ।

मेसीले सर्वाधिक ४१.३३ प्रतिशत मत पाएका छन् । साबिक विजेता रोनाल्डो २७.७६ प्रतिशत मतका साथ उपविजेता बनेका छन् । ब्राजिलियन स्ट्राइकर नेमार तेस्रो स्थानमा रहे । उनले ७.८६ प्रतिशत मत पाएका थिए । फिफाले २१ नोभेम्बर २०१४ देखि २० नोभेम्बर २०१५ सम्म खेलाडीले गरेको प्रदर्शनका आधारमा फिफा वर्ष खेलाडी घोषणा गर्छ । यसपटक फिफा वर्षको अन्तिम तीन सूचीमा मेसी, रोनाल्डो र नेमार परेका थिए ।

गोल्डेन बल पाएपछि मेसीले भने, 'यो क्षण अविष्मरणीय हो ।' लगातार दुई वर्ष रोनाल्डोले उपाधि जित्दा खल्लो लागेको उनले बताए । जीवनमा कहिल्यै पनि सर्वाधिक बढी फिफा वर्ष खेलाडी हुने सपना नदेखेको उनले जनाए । 'यो निकै अचम्म हो, मैले पाँचौंपटक फिफाको गोल्डेन बल जितेँ ।'



मेसीले सानैमा फिफा वर्ष खेलाडीको सपना देखेको खुलासा गरेका छन् । 'मैले सानैदेखि फिफा वर्ष खेलाडी हुने सपना देखेको थिएँ,' बाल्यकालमा फर्कंदै मेसीले भने, 'म आफ्नो लक्ष्यतर्फ अग्रसर भइरहेँ ।' मेसीले उपाधि जिताउन सहयोग गर्ने सबैलाई धन्यवाद दिएका छन् । 'यो समयमा म सबैलाई धन्यवाद दिन चाहन्छु,' उनले भने, 'जीवनमा धेरैपटक राम्रा र नराम्रा घटनाको सामना गरेको छु ।'

महिलातर्फ अमेरिकी खेलाडी कार्ली लोइडले उपाधि हात पारिन् । उनले जर्मनीकी सिलिया र जापानकी आया मियामालाई पाखा लगाइन् । गत वर्ष महिला विश्वकप फुटबल प्रतियोगिताको फाइनलमा अमेरिकाले जापानलाई हराएको थियो । अमेरिकालाई विश्वकप उपाधि दिलाउन लोइडले नै जापानविरूद्ध निर्णायक गोल गरेकी थिइन् ।

यसैगरी, ब्राजिलका वेन्डल लिराले उत्कृष्ट गोल उपाधि जिते । फिफा पुस्कास उपाधि हात पार्ने क्रममा उनले मेसी र इटलीका लोरेन्सीलाई पछि पारेका थिए । सन् २०१५ को फिफा प्रशिक्षक उपाधि बार्सिलोनाका लुइस एन्रिकले जितेका छन् । गत सिजनमा उनको प्रशिक्षँणमा बार्सिलोनाले पाँच उपाधि जितेको थियो ।

# अस्ट्रेलियाको बिजयी

पर्थ । कप्तान स्टेभेन स्मिथको शतकीय इनिङ्मा मंगलबार अस्ट्रेलियाले पहिलो एकदिवसीय खेलमा भारतलाई पाँच विकेटले हराएको छ । पर्थ रंगशालामा पहिले ब्याटिङ गरेको भारतले तीन विकेटको नोक्सानीमा ३ सय ९ रनको योगफल खडा गऱ्यो । प्रत्युत्तरमा अस्ट्रेलियाले ४९.२ बलमा पाँच विकेट गुमाउँदै ३ सय १० रन बनायो ।

अस्ट्रेलियाका लागि स्मिथले उत्कृष्ट ब्याटिङ गर्दै १ सय ४९ रनको योगदान दिए । उनले १ सय ३५ बलमा ११ चौका र २ छक्का प्रहार गरेका थिए । जर्ज बेलीले पनि १ सय १२ रन बनाए । उनले १ सय २० बलमा ७ चौका र २ छक्का हिर्काए । इनिङको एक समय अस्ट्रेलिया २१–२ को अवस्थामा थियो । स्मिथ र बेलीबीच तेस्रो विकेटका लागि २ सय ४२ रनको साझेदारी भएको थियो ।

स्मिथ र बेलीबाहेक अन्य ब्याट्सम्यानले गतिलो योगदान दिन सकेनन् । यसअघि ब्याटिङ गरेको भारतका लागि ओपनर रोहित शर्माले १ सय ७१ रनको योगदान दिएका थिए । उनले १ सय ६३ बलमा १३ चौका र ७ छक्का प्रहार गरेका थिए । भारतले अर्का ओपनर शिखर धवनलाई ९ रनमा गुमाएको थियो ।

रोहितले विराट कोहलीसँग दोस्रो विकेटका लागि २ सय ७ रनको साझेदारी गर्दै भारतलाई ३६–१ बाट २४३–२ को बलियो स्थितिमा पुऱ्याए । विराटले ९७ बलमा ९ चौका र १ छक्का प्रहार गर्दै ९१ रन बनाएका थिए । कप्तान महेन्द्रसिंह धोनीले १३ बलमा समान १ चैंका र छक्का हिर्काएर १८ रन बटुले । एकदिवसीय क्रिकेटमा रोहितले चौथोपटक १ सय ५० रनभन्दा बढी योगफल बनाएका छन् । एकदिवसीय रेकर्डअनुसार सचिनले सर्वाधिक पाँचपटक १ सय ५० रनभन्दा बढी जोडेका छन् ।

## /Elg va/



### ड्रिम्सको प्रोमो सार्वजनिक

रोमान्स किङ अभिनेता भुवन केसीको निर्माण र निर्देशनमा बनेको फिल्म 'ड्रिम्स'को सोमबार प्रोमो सार्वजनिक गरिएको छ । प्रोमो सार्वजनिक गर्न आयोजित प्रेसमिटमा भुवनले 'ड्रिम्स' आफ्ना लागि निकै विशेष भएको बताए ।

'मेरा अघिल्ला फिल्मभन्दा ड्रिम्स हरेक कुराले विशेष र अब्बल छ,' आफ्नो डेब्यु निर्देशनबारे उनले भने, 'मेरो फिल्मको प्रतिस्पर्धा बलिउड र हलिउडका फिल्मसँग हो । फिल्म एकदमै राम्रो बनाएको छु । अभिनेता र निर्मातापछि अब दर्शकले मलाई कुशल निर्देशकका रूपमा समेत स्विकार्नेछन् ।'

अभिनेता अनमोलले पनि 'ड्रिम्स' हरेक कोणबाट उत्कृष्ट बनेको दाबी गरे । उनले आफ्ना विगतका फिल्महरूझैं यो फिल्म पनि दर्शकले मन पराइदिने विश्वास व्यक्त गरे ।

भुवनपुत्र अनमोल, नवअभिनेत्रीद्वय साम्राज्ञीराज्यलक्ष्मी शाह र सन्ध्या केसी प्रमुख भूमिकामा रहेको युवा प्रेमकथानक फिल्मको एसोसिएट डिरेक्टर दिवाकर भट्टराई हुन् । पुरुषोत्तम प्रधान र सञ्जय लामाले खिचेको फिल्मको स्क्रिप्ट सामिप्य तिमिल्सिनाले लेखेका हुन् । चन्द्र पन्तले द्वन्द्व निर्देशन गरेको फिल्मको कोरियोग्राफी भने कविराज गहतराजले गरेका छन् । फिल्म २१ फागुनमा रिलिज हुँदै छ । सोही मितिमा दिनेश डिसीको फूलैफूलको मौसम तिमीलाई पनि रिलिज हुँदै छ ।

### १२ चैतमा डब्बुको राहदानी

रंग पत्रकार डब्बु क्षेत्रीको निर्देशनमा बनेको फिल्म राहदानी आगामी १२ चैतमा रिलिज हुने भएको छ । वैदेशिक रोजगारीमा जाने नेपाली युवाको सुखदुःखको कथामा बुनिएको फिल्मका प्रस्तुतकर्ता लक्ष्मीप्रसाद ढकाल हुन् ।

पहिला गत २९ जेठमै रिलिज गर्ने तयारी गरिएको भए पनि भूकम्पका कारण राहदानी स्थगित भएको थियो । निर्देशक डब्बुले आफ्नो फिल्म १२ चैतमा प्रदर्शन हुने पक्का गरिएको बताएका छन् ।

दयाहाङ राई, रुपा खनाल, सृजना सुब्बा, अशोक रिजाल, दिनेश दुलाल, बिनीता घिमिरे, विद्या कार्कीलगायतले अभिनय गरेको फिल्ममा मनोरञ्जनका साथै युवा पिँढीलाई प्रचुर सन्देश रहेको दाबी डब्बुले गरेका छन् ।

### रोल्पाली कलाकार सम्मानित

रोल्पा जिल्लाका वरिष्ठ कलाकार सम्मानित भएका छन् । रोल्पा जलजला सेवा समाजले आइतबार राजधानीमा आयोजना गरेको 'रोल्पालीहरूको भेटघाट तथा बृहत् सांस्कृतिक कार्यक्रम'मा जिल्लाका वरिष्ठ कलाकार सम्मानित भएका हुन् ।

समाजले कलाकारहरू- पवित्रा घर्तीमगर, राधिका हमाल, कुलानन्दी गिरी, उदिराम खड्कालगायतलाई गीत-संगीतमार्फत महत्वपूर्ण योगदान दिएको भन्दै सम्मान गरेको हो । राष्ट्रिय नाचघरमा आयोजित कार्यक्रममा पूर्वमन्त्री बालाराम घर्तीमगरले कलाकारलाई सम्मान गरे ।

माघे संक्रान्ति- २०७२ को अवसरमा आयोजित रोल्पालीहरूको भेटघाट कार्यक्रममा राधिका हमाल, पवित्रा घर्तीले गीत गाएर सहभागीलाई मनोरञ्जन दिएका थिए । अमृता लुंगेलीमगर, खड्क बुढामगर, उदिराम खड्का, लुगमेल समाजलगायतले आफ्ना प्रस्तुतिमार्फत सहभागीलाई मनोरञ्जन दिएका थिए ।

कार्यक्रममा पूर्वमन्त्री घर्तीले जिल्लाका विकासका लागि सबै रोल्पालीहरु जुट्नुपर्ने बताए । केही वर्षअगाडि स्थापित जलजला सेवा समिति र रोल्पा सेवा समाजलाई 'मर्ज' गरेर तीन महिनाअघि रोल्पा जलजला सेवा समाज बनेको थियो । रोल्पामा जन्मिएर काठमाडौंमा स्थायी र अस्थायी रूपमा बसोबास गर्नेहरूलाई एक ठाउँमा उभ्याउने समाजको उद्देश्य रहेको समाजका अध्यक्ष वसन्त रोकामगरले बताए ।

### देखाइयो बागमती

अभिनेता राजेश हमाल र शिव श्रेष्ठले दशकौंपछि सँगै अभिनय गरेको फिल्म 'बागमती'को गत शुक्रबार राजधानीमा विशेष सो गरियो ।

साउथ इन्डियन निर्देशक तथा प्राविधिकको बाहुल्यता रहेको बागमतीका निर्माता दिनेश दर्शनधारी र विजय सत्याल हुन् । साउथ इन्डियन निर्देशक सन्नी केरलाले निर्देशन गरेको फिल्मको विशेष सोको उद्घाटन संस्कृतिमन्त्री आनन्द पोखरेलले गरेका थिए । शुक्रबारदेखि नै प्रदर्शनमा आएको फिल्ममा राजेश र शिवका अलावा केकी अधिकारी, ध्रुव कोइराला, श्रेया कार्की, कञ्चन ठकुरीलगायतले अभिनय गरेका छन् ।

# मेगा बैंकमा ६ नयाँ सञ्चालक

काठमाडौं । मेगा बैंकमा ६ नयाँ सञ्चालक चयन भएका छन् । आइतबार सम्पन्न बैंकको पाँचौं साधारणभाले संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने ६ जनालाई सञ्चालक समितिमा चयन गरेको बैंकद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

नयाँ सञ्चालकहरूमा भोजबहादुर शाह, गोपाल खनाल, मदनकुमार आचार्य, शम्भुविक्रम थापा, इन्द्रबहादुर मल्ल ठकुरी र ईश्वरबहादुर गुरुङ छन् । यसअघि सर्वसाधारण समूहबाट चेतनारायण पाण्डे र दीपेन्द्र अग्रवाल निर्वाचित भइसकेका थिए ।

बैंकको साधारणसभाले सेयरधनीहरूलाई १० प्रतिशत बोनश सेयर दिने प्रस्तावलाई समेत पारित गरेको छ । त्यस्तै, बोनस सेयरबापत लाग्ने करको रकम पनि बैंकले व्यवस्था गरिदिएको छ । त्यसका लागि चुक्ता पुंजीको ०.५३ प्रतिशत नगद लाभांश साधारणसभाले पारित गरेको छ ।

साधारणसभाको उद्घाटन गर्दै बैंकका अध्यक्ष भोजबहादुर शाहले मेगा बैंकलाई नेपालको नमुना बैंक बनाउने आफ्नो प्रतिबद्धता यथावत् रहेको बताएका थिए । बैंकले छोटो समयमा व्यावसायिक रूपमा फड्को मारेको उनको भनाइ थियो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत अनिलकेशरी शाहले १२ वैशाखको भूकम्पपछि अर्थतन्त्र अप्ठेरो अवस्थाबाट गुज्रिए पनि मेगा बैंकको वित्तीय अवस्था सकरात्मक भएको बताए । उनले गत आर्थिक वर्षमा बैंकले ३४ करोड ६२ लाख रूपैयाँ खुद मुनाफा आर्जन गरेको जानकारी गराए ।

चालू आर्थिक वर्ष २०७२/७३ को पहिलो त्रैमासिक अवधिमा बैंकको कुल निक्षेप १ अर्ब ४३ करोड रूपैयाँले वृद्धि भई २२ अर्ब ५६ करोड रूपैयाँ पुगेको छ । कर्जा ९० करोड रूपैयाँले वृद्धि भई १८ अर्ब ८९ करोड रूपैयाँ पुगेको छ । त्रैमासिक अवधिमा बैंकले ८ करोड ४३ लाख रूपैयाँ खुद मुनाफा आर्जन गरेको छ ।

**३ महिनामा ८ करोड नाफा**

चालू आर्थिक वर्ष २०७२/७३ को पहिलो त्रैमासिक अवधिमा बैंकको कुल निक्षेप १ अर्ब ४३ करोड रूपैयाँले वृद्धि भई २२ अर्ब ५६ करोड रूपैयाँ पुगेको छ । कर्जा ९० करोड रूपैयाँले वृद्धि भई १८ अर्ब ८९ करोड रूपैयाँ पुगेको छ । त्रैमासिक अवधिमा बैंकले ८ करोड ४३ लाख रूपैयाँ खुद मुनाफा आर्जन गरेको छ ।

**पुंजी वृद्धिको निर्णय**

बैंकको अधिकृत पुंजी ४ अर्ब रूपैयाँ छ । साधारणसभाले त्यसलाई वृद्धि गरी १० अर्ब रूपैयाँ पुऱ्याउने निर्णय गरेको छ । त्यस्तै, जारी पुंजी २ अर्ब ६० करोड ९६ लाख रूपैयाँ रहेकोमा वृद्धि गरी ४ अर्ब ५ करोड ७ लाख १८ हजार ९ सय ३२ रूपैयाँ कायम गर्ने निर्णय पनि भएको छ । चुक्ता पुंजी २ अर्ब ६० करोड ९६ लाख रूपैयाँबाट बढाएर ४ अर्ब ५ करोड ७ लाख १८ हजार ९ सय ३२ रूपैयाँ पुऱ्याउने प्रस्तावलाई साधारणसभाले पारित गरेको बैंकले जनाएको छ ।

**मर्जर स्वीकृत**

मेगा बैंक र पश्चिमाञ्चल डेभलपमेन्ट बैंक मर्जर प्रक्रियामा जाने भएका छन् । मेगा बैंकको साधारणसभाले पश्चिमाञ्चल डेभलपमेन्ट बैंकसंग मर्जरका लागि स्वीकृति प्रदान गरेको हो । मर्जरपछि हुन आउने चुक्ता पुंजीको २५ प्रतिशत अर्थात् ४:१ को अनुपातमा हदप्रद सेयर निष्कासन गर्ने बैंकले जनाएको छ । मेगा र पश्चिमाञ्चल डेभलपमेन्ट बैंकको सेयर आदान-प्रदानको अनुपात १०४.२५ : ६७ कायम हुने भएको छ ।

## skt/6

### एनसेलको भ्वाइस प्याक ८६ पैसा प्रतिमिनेटमा

काठमाडौं/एनसेलका प्रिपेड ग्राहकले एनसेल नेटवर्कभित्र करसहित ८६ पैसा प्रतिमिनेटमा कुरा गर्न सक्ने कम्पनीले जनाएको छ । कम्पनीले भ्वाइस सेवालाई अझ सुलभ बनाउन नेपालमै पहिलोपटक 'एनसेल भ्वाइस प्याक' योजना ल्याएको छ । यो योजनाअन्तर्गत ग्राहकले आफ्नो आवश्यकताअनुसार दैनिक वा साप्ताहिक भ्वाइस प्याक लिन सक्ने कम्पनीले जनाएको छ ।

दैनिक प्याकमा ११ मिनेट टकटाइम रहेको र यसको मूल्य करसहित ११ रूपैयाँ रहेको छ । दैनिक प्याक लिई ग्राहकले करसहित १ रूपैयाँ प्रतिमिनेटको दरमा कुनै पनि अर्को एनसेल नम्बरमा कल गर्न सक्ने कम्पनीले जनाएको छ ।

साप्ताहिक भ्वाइस प्याकमा ७० मिनेट टक टाइम रहेको र यसको मूल्य करसहित ६० रूपैयाँ रहेको छ । साप्ताहिक प्याक लिँदा ग्राहकले करसहित ८६ पैसा प्रतिमिनेटमा एनसेलको अर्को कुनै पनि नम्बरमा कल गर्न सक्नेछन् । यो योजना मंगलबारबाट सुरु भई ३ महिनासम्म लागू हुने कम्पनीले जनाएको छ ।

दैनिक प्याकको मान्य अवधि २४ घन्टासम्म, साप्ताहिक प्याकको अवधि ७ दिनसम्म रहनेछ । प्याकको टकटाइम वा समयावधि सकिएपछि विद्यमान शुल्क लाग्नेछ । विद्यमान शुल्कअनुसार एनसेलको एउटा नम्बरबाट अर्कोमा कुरा गर्दा प्रतिमिनेट करसहित २ रूपैयाँ ५० पैसा पर्ने कम्पनीले जनाएको छ ।

ग्राहकले आफ्नो आवश्यकताअनुसार जतिपटक पनि यो प्याक लिन सक्ने कम्पनीले जनाएको छ । ग्राहकले १७११८ मा डायल गरी प्राप्त जानकारीअनुसार १ थिचेर दैनिक वा २ थिचेर साप्ताहिक भ्वाइस प्याक खरिद गर्न सक्ने कम्पनीले जनाएको छ ।

### सहयोगी र जानकी गाभिँदै

सहयोगी विकास बैंक लिमिटेडले जानकी फाइनान्स कम्पनी लिमिटेडसँग गाभिने प्रक्रिया अगाडि बढाएको छ । बैंकको १२औं वार्षिक साधारणसभाका अवसरमा आयोजित समारोहमा आज सो जानकारी दिइएको हो । नेपाल राष्ट्र बैंकको निर्देशनबमोजिम पुंजी बढाउनुपर्ने भएकाले सोका लागि जनकपुरस्थित जानकी फाइनान्स लिमिटेडसंग गाभिने प्रक्रिया अगाडि बढाइएको हो ।

बैंकले निक्षेपतर्फ ०७२ असार मसान्तसम्ममा २ अर्ब १० करोड १० लाख परिचालन गरेको छ । आव ०७१-७२ को अन्त्यसम्ममा बैंकको कुल सम्पत्ति २ अर्ब ४६ करोड ५६ लाख रहेको छ । सोमध्ये कर्जा सापट १ अर्ब ७७ करोड रहेको छ ।

बैंकले सो अवधिमा खुद मुनाफा ७ करोड १ लाख ८ हजार आर्जन गरी सेयरधनीका लागि २९.४७ प्रतिशत लाभांश वितरण गर्ने जनाइएको छ । बैंकका अध्यक्ष उदयकान्त झाले बैंकको पुंजी कोषको अनुपात १४.८१, निष्क्रिय कर्जाको अनुपात ०.१३, तरलताको अनुपात २८ र खुद मुनाफा गत वर्षको तुलनामा १.० प्रतिशतले वृद्धि भएको बताए ।

### एनबी इन्स्योरेन्सको बनेपा शाखा पुनः सञ्चालन

एनबी इन्स्योरेन्स कम्पनीले बनेपामा रहेको शाखा कार्यालय पुनः सञ्चालनमा ल्याएको छ । शाखा पुनः सञ्चालन अवसरमा काभ्रेपलान्चोक उद्योग वाणिज्य संघ, उद्योगी, व्यापारी, विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रमुख सहभागी रहेको कम्पनीका कामु प्रमुख कार्यकारी अधिकृत युगेशभक्त वादे श्रेष्ठले जानकारी दिए ।

कम्पनीमा नयाँ लगानीकर्ता र नयाँ व्यवस्थापन भित्रिएपछि भएका प्रगतिबारे उनले कार्यक्रममा जानकारी दिएका थिए । कम्पनीले आव ०७२/७३ को पहिलो चौमासिकमा करिब ३ हजारवटा बिमालेखबाट ५ करोड ५५ लाख बिमा शुल्क आर्जन गरेको छ भने १ करोड ६ लाख खुद नाफा आर्जन गरेको श्रेष्ठले बताए ।

### प्युठानमा आइएमई सेन्टर

रेमिट्यान्स कम्पनी आइएमईले १४०औं आइएमई सेन्टर प्युठानस्थित बाग्दुलामा स्थापना गरेको छ । कम्पनीका प्रबन्धक एवं सेल्स तथा नेटवर्क प्रमुख रूद्रराज पौडेलले इन्टरफेस मनी ट्रान्सफरको नाममा सञ्चालन हुने शाखा उद्घाटन गरेका हुन् ।

कार्यक्रममा पौडेलले आइएमईले दिँदै आएको छरितो र विश्वसनीय रेमिट्यान्स सेवालाई अझै परिस्कृत र प्रविधियुक्त बनाउन कम्पनी कटिबद्ध रहेको बताए ।

### एनआइसी एसियाको सरल व्यवसाय कर्जा

एनआइसी एसिया बैंकले साना तथा मझौला व्यवसायीलाई लक्षित गरी सरल व्यवसाय कर्जा योजना बजारमा ल्याएको छ । कर्जा बैंकका सम्पूर्ण शाखाबाट प्रक्रिया पुऱ्याई सजिलै उपयोग गर्न सकिने बैंकले जनाएको छ ।

न्यूनतम ३ लाखदेखि ५० लाखसम्म दिइने कर्जा अवधि १५ वर्षसम्मको हुने, सरल मासिक किस्ता भुक्तानी, झन्झटरहित छरितो कर्जा प्रवाह र आकर्षक ब्याजदर रहेको बैंकले बताएको छ । बैंकका हाल ६७ शाखा र ६७ एटिएम सञ्जाल छन् ।

## एकता दिवस...

नेताहरूलाई राप्रपा नेपालका अध्यक्ष एवं उपप्रधान तथा पराराष्ट्रमन्त्री कमल थापाले स्वागत गरेका थिए ।

सिंहदरबार अगाडि रहेको पृथ्वीनारायण शाहको सालिकस्थलमा नेपाल प्रज्ञा प्रतिष्ठानले औपाचारिक कार्यक्रम नै गरेको थियो । शाहको तस्बिरलाई बग्गीमा राखेर निकालिएको र्‍यालीले नगरका विभिन्न भागको परिक्रमा गरेको थियो । र्‍यालीमा नेपाली सेना, नेपाल प्रहरी, उपत्यकाका नेवार समुदायको घिमेवाजा साथै नेपाल स्काउटका छात्रछात्रालगायत बुद्धिजिवी समाजसेवी, साहित्यकारहरूको ठूलो सहभागिता रहेको थियो ।

उपप्रधान तथा परराष्ट्रमन्त्री कमल थापाले आयोजना गरेको जलपान कार्यक्रममा प्रधाानमन्त्री केपी ओलीले नेपालको इतिहासमै राष्ट्र र जनताका लागि योगदान पुर्‍याएका कारण पृथ्वीनारायण शाह राजा भएको बताउँदै प्रधानमन्त्रीले भने, शाहलाई राष्ट्रले सम्मान दिनुपर्छ, दिनेछ । देशलाई उहाँले पुर्‍याएको योगदान सबैमा सर्वविदितै छ । यस विषयमा छलफल चलिरहेको छ, अहिले नभएपनि उहाँको सम्मानका लागि पुस २७ गते बिदा हुन सक्छ भन्दै शाहले नेपालको एकीकरणमा पुर्‍याएको योगदानलाई बंग्याउन नहुने बताएका थिए ।

राप्रपा नेपालले प्रत्येक वर्ष पुस २७ गतेलाई राष्ट्रिय एकता दिवसका रूपमा मनाउँदै त्यसैदिन जलपान कार्यक्रम आयोजना गर्दै आएको छ । उसले पृथ्वीनारायाण शाहलाई पार्टीको आदर्शका रूपमा समेत लिएको हुनाले उसले पुस २७ गते सर्वाजनिक बिदा दिएर पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस भव्यरूपमा मनाउन सरकारी स्तरबाटै कार्यत्रम आयोजना हुनुपर्ने माग गर्दै आएको छ । अहिले त्यो माग विस्तारै जनस्तरमै पुगेको र जनताले समेत त्यसलाई समर्थन गरेका हुनाले सरकारले पुस २७ (पृथ्वीजयन्ती र राष्ट्रिय एकता दिवस)लाई उपेक्षा गर्न मिल्दैन, त्यसैले पृथ्वीनारायण शाहलाई राष्ट्रले सम्मान गर्नै पर्छ ।

## पूर्वराजालाई...

बनाएर पूर्वराजाले विद्युत महशूल तिरेनन् भन्ने प्रचारलाई व्यापक बनाइएको छ । पूर्वराष्ट्रपति डा.रामवरण यादव बसेको घरको घाडा, विद्युत, पत्रपत्रिका, सवारी साधन, सुरक्षाकर्मी, ड्राइभरलगायतका सुविधाको शूल्क यादवले तिर्छन् कि राज्यले तिर्छ ? यति सामान्य व्यवहार पनि गर्न नसक्ने राज्यले आफूलाई केको लोकतान्त्रिक भनेर गुड्डी हाँक्नु ?

यसमाथि पूर्वविशिष्ट पदासिनहरूलाई विशेष सुविधा दिलाउन चोरबाटोबाट अनेक प्रयत्न भइरहेका छन् भने भर्खर सार्वजनिक भएको खबरअनुसार आर्थिक नियम, कानुनविपरित प्रधानमन्त्री, मन्त्रीहरूले सल्लाहकार भर्ति गर्ने र तिनलाई ८० हजारसम्मको मासिक गाडी र अन्य सुविधा दिने गरिएको छ । केपी ओलीको शासन हो कि संवैधानिक शासन व्यवस्था हो यो ? मनलागी हो भने यस्ता निरंकूश र भ्रष्टहरूले पूर्वराजालाई निरंकूश भन्नुको के औचित्य रहन्छ र ?

उर्जामन्त्रीले पूर्वराजाले विद्युत महशूल तिर्न नमाने विद्युत लाइन काट्ने, नयाँ लाइन नजोड्ने र मालपोत अन्य सरकारी कार्यालयमा रोक्का राखेर कुनै राज्य सुविधाबाट बन्चित गर्ने निर्णय गरिने बताएका छन् । तर मन्त्री अथवा प्राधिकरणले विद्युत लाइन काट्ने हिम्मत चाहिँ गरिहालेका छैनन् । अव के गर्ने ? यसबारेमा मन्त्रिपरिषदमा कुरा छलफल गर्ने स्रोतले बताएको छ ।

मन्त्रिपरिषदमा छलफल हुँदा राप्रपा नेपालका अध्यक्ष तथा परराष्ट्रसहितका उपप्रधानमन्त्रीले कस्तो रूख अपनाउने छन् र पूर्व राष्ट्राध्यक्षले पाउनुपर्ने सुविधाबाट बन्चित गर्न गराउन ओली सरकारले कस्तो निर्णय गर्ने हो ? त्यो सर्वत्र प्रतिक्षाको विषय बनेको छ ।

## फेरि थाइल्याण्डको...

प्रतिनिधि र उतैबाट दिल्लीको भ्रमण हुने र फर्केर थाइलेण्डबाट नेपाल आउने कार्यक्रम रहेको छ ।

नेपालमा हिन्दूराष्ट्र नहुँदा र पूर्वराजालाई सामान्य स्पेश नदिएको विषयमा भारतले नेपालमाथि अघोषित नाकावन्दीसम्मको रूख अपनाएको छ । यदि नेपालका राजनीतिक दलहरूले भारतलाई दिएको विश्वासमा नफर्कने हो भने अर्को ६ महिनासम्म पनि नाकावन्दी खुल्न मुस्किल पर्ने देखिन्छ । मधेसी मोर्चाको माग पूरा भएर पनि नाका सुगम हुने स्थिति नहुन सक्छ भन्ने विज्ञहरू बताउँछन् । यद्यपि प्रधानमन्त्री केपी ओलीले नेपाल-भारतवीचका कूटनीतिक सम्बन्ध र सन्धिहरू पुनरावलोकन गर्न विशेष समिति बनाएर होमवर्क थालिसकेका छन् । तर, ओलीको भारत भ्रमणले समेत सम्बन्धमा सामान्यीकरण नल्याउन सक्छ र चिढाउने काम बढी हुनसक्ने स्थितितिर सावधान हुन विशेषज्ञहरूले अहिले नै सुझाव दिन थालिसकेका छन् ।

## सत्ता कब्जा...

उद्देश्यका साथ पार्टीले नयाँ रणनीति बनाएको उद्घोष गर्दै पहिले जनवादी क्रान्ति हतियारसहितको युद्धबाट सत्ता कब्जा गर्ने पार्टीको रणनीति असफल भएको स्वीकार गर्दै तत्कालिन अवस्थामा राजनीतिक तालमेलले हामीलाई शान्ति प्रक्रियामा ल्याएको हो ।

दाहालले सोही प्रशिक्षण कार्यक्रममा बोल्दै अबको केही महिनाभित्रमा स्थानीय निकायको चुनाव हुने भएकाले सो चुनावमा पनि हामी नै पहिलो पार्टी बन्नुपर्छ । समाजवादी क्रान्ति सफल पार्न हरेक ठाउँमा पहिलो बन्नु आवश्यक छ । नेपालमा हरेक दश वर्षमा राजनीतिक उथलपुथल हुने गरेको भन्दै दाहालले अबको दशकमा जसरी भएपनि सत्ता कब्जा गरेर नयाँ समाजावादी क्रान्ति स्थापित गर्ने बताएका छन् ।

संविधान कार्यान्वयनकालागि दलीय एकता आवश्यक भएको बताउँदै अहिले देशले असाधारण चुनौतिको सामाना गरिरहेको बताउँदै आम नेपाली समुदायलाई एकताको सुत्रमा बाध्न पत्रकारहरूले कमल चलाउनु पर्ने आग्रह गरेका थिए । नयाँ संविधानले केही असाधारण उपलब्धिहरू पनि हामीले पाएका छौं र चुनौतीहरू पनि आएका छन् । यी चुनौतीसँग जुध्न सबै राजनीतिक दलहरूको एकता अवाश्यक छ भन्दै सबै दललाई एक हुन बारम्बार आफूले आग्रह गरेको समेत बताएका थिए ।

दाङमै क्रान्तिकारी पत्रकार संघ दाङले आयोजना गरेको दाङको तेस्रो जिल्ला सम्मेलनको उद्घाटन गर्दै दहालले नेपाली आत्मनिर्णयको प्रयोग गर्दा पहिलो पटक संविधानसभाबाट बनाएको संविधानबाट केही देश भित्रैका र केही देश बाहिर पनि रिसाएको बताएपनि देशभित्रका को रिसाए भनेर प्रष्ट पार्न आग्रह गर्दा त्यसमा दाहाल मौन रहेको हाम्रा दाङ प्रतिनिधिले बताए ।

## प्रचण्डको...

प्रचण्डले खुलेरै भनेका छन् : भारतले उपेन्द्र यादव र महन्थ ठाकुरलाई प्रयोग गरिरहेको छ । मधेसी राजनीतिलाई राजनीतिक हतियार बनाएको छ । हालै एक पुस्तक विमोचन कार्यक्रममा यी दुबै नेताले नेपालमा दुईराष्ट्रनीति हुनुपर्छ भन्ने बहस चलाएका थिए । एउटै देशमा दुईराष्ट्र कसरी हुन्छ ? यसबारेमा मधेसी मोर्चासँग वार्ता भाँडिएला भनेर सत्ताधारीहरूले खुलेर मुख खोल्ने हिम्मत गरेका छैनन् ।

प्रचण्डका अनुसार मधेसमा सिके राउत र जयकृष्ण गोइत पनि छन् । जसलाई भारतले सैनिक फ्रन्टका रूपमा सक्रिय पारेको छ । यी चारै नेता उपेन्द्र, महन्थ, सिके र गोइतको हेडक्वार्टर दिल्लीमा छ । हुन पनि यी दुबैले मधेसमा सैनिक भर्ति, फौजी तालिम दिन सुरू गरेका छन् । उनीहरू मधेस देश निर्माणमा लागेको बताइरहेका छन् ।

यी सबै जानकारी राखेका छन् प्रचण्डले भने सत्ताधारी र प्रभावशाली नेताका रूपमा अखण्ड नेपाल र स्वतन्त्र नेपालका लागि प्रचण्डले किन केरा हेरिरहेका छन् ? उनले देशको स्वाधीनता बचाउन र एकता भाँडिन नदिन के गरे ? प्रचण्डमात्र भ्रष्टाचार, अनीति र निन्दायोग्य काममा मात्र चर्चामा छन् । देशको सार्वभौमिकता मजबुत पार्ने विषयमा कतै पनि प्रचण्ड अथवा केपी ओलीको समूहगत सरकार कुनै प्रयास गरिरहेको देखिदैन । गलत देख्ने, सच्याउन वेवास्ता गर्ने भनेको नालायकी काम भएनर प्रचण्डजी ?

## मधेस आन्दोलन...

गरेका भएपनि त्यसको दुई दिन बित्न नपाउँदै वीरगञ्जका बजार पसलहरू बिहानैदेखि खुल्न थालेका छन् । बिहानैदेखि बेलुकासम्म बजार पसल खुल्दा आन्दोलनरत दलका नेता र कार्यकर्ताहरूले कुनै अवरोध पुर्‍याएका छैनन् । मालबहाक सावरीसाधानहरू नचलेपनि साना सावारी साधानहरू चल्नथालेपछि वीरगञ्जको जनजीवन विस्तारै सामान्य हुन थालेको छ । वीरगञ्ज-काठमाडौं चल्ने टाटासुमो गाडीले धर्नास्थल नजिकैबाट यात्रुलाई सेवा दिन थालेको छ । स्कुलबस, टेम्पो, टाँगा, निजी कार, भ्यान, जिप र ट्यांकरहरू समेत सञ्चालनमा आएपछि पाँच महिनादेखि संकटपूर्ण जीवनबिताउन बाध्य भएका वीरगञ्जबासीहरूले केही राहत महसुस गरेका छन् ।

रक्सौल-वीरगञ्ज नाकाको मितेरी पुलमा धर्नामा बस्ने आन्दोलनकारीहरूको संख्या कम भएको छ । सुरूका दिनमा चार-पाँच सय आन्दोलनकारीहरू चौबिसै घण्टा धर्नामा बस्दै आए पनि अहिले रातीको समयमा मुस्किलले २०-२५ जना मात्र बस्ने गरेका छन् । सुरूमा मधेसवादी दलका केन्द्रिय नेताहरू र स्थानीय नेताहरू गाउँ गाउँ पुगेर आन्दोलनमा सहभागी हुन जनतालाई गुहार्ने गर्थे, तर अहिले उनीहरू मध्येका केही काठमाडौं आएका र केही त्यहीँ चुपचाप बसेका हुनाले आन्दोलनकारीहरूको संख्या घटेको हो । आन्दोलनमै लागेका नेता तथा कार्यकर्ताहरू तस्करीमा लागेको आरोप लागेपछि आन्दोलन शिथिल बन्दै गएको आन्दोलनकारीहरूले नै बताउन थालेका छन् । उनीहरूका अनुसार आफैं आन्दोलन गर्ने अनि आफैं तस्करीमा लागेपछि जनताले केका लागि आन्दोलनकारीलाई साथ दिने भन्दै आन्दोलनबाट जनता विस्तारै आ-आफ्नो काममा फर्किन थालेपछि आन्दोलन मत्थर हुँदै गएको हो ।

वीरगञ्ज-रक्सौल नाका विस्तारै सहज हुन थालेपनि भारतले लगाउँदै आएको अघोषित नाकाबन्दीलाई नहटाएको हुनाले वीरगञ्ज नाकाबाट अहिलेसम्म इन्धनलगायतका अन्य कुनै पनि सामान नेपाल पठाएको छैन । नेपाललाई चाहिने इन्धन, ग्यासलगायतका पेट्रोलियम पदार्थ मध्ये झण्डै ७० प्रतिशत वीरगञ्जनाकाबाटै आउने गर्छ । तर अहिले उक्त नाकबाट सहज रूपमा मालसामान आउन नसकेको हुनाले नेपालमा इन्धन लगायत ग्यासको हाहाकार नै मच्चिएको छ । जबसम्म भारतीय पक्षले वीरगञ्ज नाकाबाट सहजरूपमा सामानहरू पठाउँदै तबसम्म नेपालमा इन्धन, ग्यासलगायतका अन्य अत्यावसकीय सामानहरू सहजरूपमा उपलब्ध हुन सक्ने सम्भावना नै हुँदैन । त्यसैले अब सरकारले जतिसक्दो छिटो वीरगञ्ज नाका सहज बनाउने तर्फ कदम बढाउनुपर्ने आवश्यकता देखिएको छ ।

## सन्देश त...

नेपालीप्रति आफ्नो जिम्मेवारी छ भनेर दर्शाउन खोज्नु उनको महानता हो र उनको हक पनि हो । (पूर्व) राजाले ०६२/६३ हुँदै ०६५ र त्यसपछि घटेका यावत राजनीतिक घटनाक्रमहरूमा कुनै 'हस्तक्षेप' गरेनन्, मात्र मुकदर्शक भइरहे । बालक राजा, साँस्कृतिक राजा, आदी-इत्यादी जस्ता नयाँ प्रयोगहरूमा (जुन गरिएन) पनि उनले चुइक्क बोलेनन् ।

केही हजारको प्रायोजित भीडलाई र स्वार्थपूर्ण अन्तर्राष्ट्रिय दबाबलाई सहिरहे । आफूमाथि भएको धोकालाई कहींकतै कुनै पनि किसिमबाट स्पष्ट रूपमा उजागर गरेनन् । तर अब अति भयो, मुलुकमा गणतन्त्र, धर्मनिरपेक्ष, संघीयता जस्ता नयाँ प्रयोग गरिएमा मुलुकको कायापलट नै हुन्छ । ...मुलुक रातारातमा स्वीट्जरल्यान्ड हुन्छ भन्ने वर्तमान प्रमुख नेताहरूको भनाईको ठीक विपरित जब मुलुक नै टुक्रिने, अस्तित्व नै मेटिने, अनि नेपालीहरू हाहाकारको स्थितिमा बाँच्नु पर्ने अवस्था भयो । तब नेपाल एकीकरण गर्ने शाहवंशका सुयोग्य उत्तराधिकारीले अब आफ्नो भूमिका खोज्न थाले- तिनको कथन छ । तर कस्तो र कुन तरिकाको भूमिका ? निश्चय पनि (पूर्व)राजाले गाउँस्तरको भूमिका निभाउदैनन् । (पूर्व) राष्ट्र प्रमुखले त्यही अनुसारको जिम्मेवारी (पद पनि) पाउनु पर्छ ।

प्रष्ट हौं, मुलुक एकतर्फी रूपमा गणतन्त्र भएको हो । भोली यो खारेज गरेर पुनः राजतन्त्रात्मक बनाइएको खण्डमा, २०६२/०६३मा हल्ला गर्ने जमात फेरि देखिनै छैनन्- त्यो पक्का छ । भन्नु नै पर्दा स्वयं गणतान्त्रिक पार्टीका कार्यकर्ताहरूले पनि अब त्यो आक्रामक शैली अपनाउने छैनन्, जुन हिजो ०६२/६३ तिर देखाइएको सपनाबाट प्रभावित भएर काठमाडौंको सडकमा देखाउन पुगेका थिए । मतलब, घाम जत्तिकै छर्लङ भयो, यिनको गणतन्त्र, धर्मनिरपेक्षता अनि संघीयता !! मुलुक 'स्वीट्जरल्यान्ड' हुनु त कता हो कता ? 'नेपाल' नै नरहने वा टुक्रिने स्थितिमा पुगेका बेला अनि स्वयं सत्ताशिनहरूले नै 'कालो बजार'लाई प्रश्रय दिइरहेको भन्ने तथ्यपूर्ण समाचार आइरहेका बेला नेपाली जनताले खोज्ने राजालाई हो भने राजाले खोज्ने नेपाली जनतालाई नै हो । बस्, अब मिलनबिन्दूको लागि तयारी गर्नुपर्ने मात्र हो । त्यसका लागि (पूर्व)राजाको तर्फबाट पनि देखिने गरी पहल हुनुपर्‍यो... भने आमनेपालीहरू त अझ आव्हान कै प्रतिक्षामा छन् ।

## घरजग्गा कारोबार बढ्दो

चितवन/ पछिल्लो समय जिल्लामा घरजग्गा कारोबार बढेको छ । भूकम्पबाट काठमाडौंसहित पहाडी जिल्ला प्रभावित हुनु र तराईमा आन्दोलनका कारण असुरक्षा महसुस भएपछि जग्गामा लगानी गर्ने अधिकांशको गन्तव्य चितवन बनेको हो ।

मालपोत कार्यालय चितवनका अनुसार चालू आवको पाँच महिनामा जग्गा रजिस्ट्रेसनका लागि १७ हजार ४ सय ६६ लिखत पास भएका छन् जुन संख्या आव ०७१/७२ भन्दा ३ हजार ४ सय २० बढी हो ।

चालू आवमा घरजग्गा रजिस्ट्रेसन लिखत १३ हजार २ सय ६९, कर्जा लिखत ४ हजार २ सय ७ छ भने गत आवमा घरजग्गा रजिस्ट्रेसन लिखत ८ हजार ८ सय १० र कर्जा लिखत ५ हजार २ सय ३६ रहेको कार्यालका सूचना अधिकारी हरिकृष्ण सुवेदीले जानकारी दिए । चालू आवको पाँच महिनामा मात्रै राजस्व संकलनमा १८८.८४ प्रतिशत वृद्धि भएको छ ।

'सरकारले पाँच महिनाका लागि दिएको लक्ष्य १४ करोड ५६ लाख २२ हजार थियो, तर ३३ करोड २२ लाख ५ हजार ४ सय २३ संकलन भएको छ,' उनले भने । घर जग्गा रजिस्ट्रेसनतर्फ २७ करोड ४९ लाख ९८ हजार, पुँजीगत लाभ करमार्फत ३ करोड १६ लाख २५ हजार, सेवा दस्तुरबापत २ करोड २९ लाख ५४ हजार र अन्य सेवा गरी सो परिमाणमा राजस्व संकलन भएको हो ।

आव ०७१/७२ मंसिरसम्म १५ करोड ४७ लाख मात्र राजस्व संकलन भएको थियो । प्रवक्ता सुवेदी चिवतनमा जग्गा खरिद-बिक्री बढ्दो क्रममा रहेको बताउँछन् । सुरक्षित बसोवास स्थलका रूपमा परिचित भएसँगै जिल्लामा कारोबार बढेको व्यवसायीको भनाइ छ ।

नारायणी जग्गा विकास कम्पनीका संस्थापक अध्यक्ष दिनेशकुमार चुके पहाड, तराई सबै क्षेत्रका बासिन्दाका लागि चितवन उपयुक्त ठहरिएकाले घरजग्गा कारोबार बढेको बताउँछन् । 'छोटो समयमा राम्रो प्रतिफल आउने भएकाले यसतर्फ आकर्षण बढेको हो,' उनले भने ।

शिक्षा, स्वास्थ्य, पर्यटन, धार्मिक क्षेत्र, सुगमलगायत कारण चितवनमा घरजग्गा खरिद काराबोर बढेको उद्योग वाणिज्य संघ जिल्ला अध्यक्ष कल्याण जोशीले जानकारी दिए ।




सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार